नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

● वर्ष ३ ● अंक २१९ ● २०८२ साल असार ०८ गते आइतबार ● Sunday 22, June 2025 ● सूर्योदय: बिहान ५:१२ बजे ● सूर्यास्त: साँझ ७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जसपा नेपालको छलफल जारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा निर्वाचन आयोग र सर्वोच्च अदालतमा पार्टीबारे चलिरहेको विवादबारे छलफल भएको छ ।

शनिबारबाट शुरु भएको बैठकमा ती लगायत अन्य पार्टीसँगको समन्वय र सहकार्यबारे पनि अध्यक्ष उपेन्द्र यादवले चर्चा गरेका थिए । जनता समाजवादी पार्टी, नेपालबाट छुट्टिएर अशोक राईको नेतृत्वमा जनता समाजवादी पार्टी बनेको छ । बैठकमा निर्वाचन आयोगमा चलिरहेको विवाद, सर्वोच्चमा भइरहेको विवाद र अन्य पार्टीसँगको समन्वय र सहकार्यबारे अध्यक्ष यादवले सामान्य चर्चा गरेको र आइतबार बैठक सकिने प्रवक्ता मनिष सुमनले बताए । उनका अनुसार, बैठकमा पार्टीको अधिवेशन सम्पन्न भएका जिल्ला र स्थानीय तहको समीक्षा पनि भएको छ । साथै, प्रदेश अधिवेशनका लागि निर्देशिका निकालिएको र निर्देशिकाअनुसार भदौ मसान्तसम्ममा अधिवेशन सकिने तयारी गरिएको उनले जानकारी दिए ।

# मानवसेवा आश्रममा मुख्यमन्त्री सिंह




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले वीरगंजस्थित मानवसेवा आश्रम अवलोकन गर्दै संस्थाले बेवारिसे, अशक्त र असहाय नागरिकको सेवा गर्दै समाजमा मानवीयता, करुणा र समर्पणको अनुकरणीय उदाहरण प्रस्तुत गरेको बताएका छन् । शनिबार जनमत पार्टीका पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ, नेतृ रम्भा मिश्रा, मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्य, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमलगायतको टोलीसहित आश्रम पुगेका मुख्यमन्त्री सिंहले संस्थाको सेवा भावना, व्यवस्थापन र समर्पित टोलीको कार्यप्रति गहिरो सम्मान प्रकट गरे ।

अवलोकनपछि मुख्यमन्त्री सिंहले प्रदेश सरकारले सामाजिक सेवामा संलग्न संस्थासँग सहकार्य गर्दै मानव कल्याणका कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'यस्ता संस्थाको अनुभव, समर्पण र संवेदनशीलतालाई सरकारी नीति तथा कार्यक्रमसँग जोडेर समाजमा परिवर्तन ल्याउन सकिन्छ ।' मानवसेवा आश्रमले सडकमा बेवारिसे अवस्थामा रहेका मानसिक रूपमा असन्तुलित, अशक्त तथा अत्यन्त विपन्न नागरिकहरूको उद्धार गरी उनीहरूलाई सुरक्षित आश्रय, उपचार र पुनःस्थापनाको व्यवस्था गर्दै आएको छ ।

यस्तै, मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शनिबार बिहान वीरगंजस्थित प्रसिद्ध गहवामाई मन्दिरमा पूजा गरेका छन् । मुख्यमन्त्री सिंह करिब बिहान ९ बजे मन्दिर पुगेका थिए ॥ पूजापछि उनले असार १३ गते हुनलागेको तेस्रो बृहत गहवामाई रथ यात्राको तयारीबारे जानकारी लिए । मन्दिर परिसरमै आयोजित छोटो छलफलमा मुख्यमन्त्री सिंहले यात्रा भव्य र शान्तिपूर्ण बनाउने प्रतिबद्धता व्यक्त गरे । साथै, सुरक्षालाई प्राथमिकता दिँदै स्थानीय प्रशासनलाई आवश्यक निर्देशन दिए ।

गहवामाई रथयात्रा असार १३ गते बिहान शुरु हुने र त्यसको भोलिपल्ट अर्थात असार १४ गते शनिबार मन्दिर परिसरमा महाप्रसादको व्यवस्था गरिने आयोजक समितिले जनाएको छ । यस आस्थाको यात्रामा करिब ५० हजारभन्दा बढी श्रद्धालुको सहभागिता रहने अपेक्षा गरिएको छ । मुख्यमन्त्री सिंहको शनिबारको भ्रमणले धार्मिक कार्यक्रमप्रति सरकारको सहकार्य र चासो झल्किएको छ । आयोजकले प्रदेश सरकार तथा स्थानीय प्रशासनसँग सहकार्य गर्दै रथयात्रा सफल बनाउने विश्वास व्यक्त गरेका छन् ।

# प्रहरी र स्थानीयबीच झडप १० जना घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
बरहथवा नगरपालिका–४ स्थित खैरवा टोलमा शनिबार बिहान बाटो बिस्तारक्रममा दुई पक्षबीच झडप हुँदा प्रहरीसहित १० जना घाइते भएका छन् । सडक विस्तारका विषयमा विवाद भएपछि ढुङ्गा हानाहान भएको थियो ।

स्थिति नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज गर्नाका साथै एक राउन्ड गोली चलाएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रवक्ता बालिष्टर सिंहले जानकारी दिए । घटनामा प्रहरी निरीक्षक दिवाकर गणेशको दाहिने हातमा चोट लागेको छ भने प्रहरी जवान प्रमेश्वर राय यादवको टाउकामा चोट लागेको छ । दुवै जनाको बरहथवा नगर अस्पतालमा उपचार भइरहेको छ । यसैगरी, बरहथवा नगरपालिका–४ खैरवाका ५० वर्षीय टीकाबहादुर कार्की, ५२ वर्षीय कुलबहादुर कार्की, ३५ वर्षीय सञ्जय कुशवाह, ४२ वर्षीय रमेश महतो, ३८ वर्षीय इन्दु देवी, २६ वर्षीय प्रदीप कुशवाह, २८ वर्षीय अनिल कुशवाह र ३५ वर्षीय उमेश महतो घाइते भएका छन् । घाइतेमध्येका टीकाबहादुर कार्की र कुलबहादुर कार्कीलाई बरहथवामा प्राथमिक उपचारपछि थप उपचारका लागि काठमाडौँ 'रिफर' गरिएको छ । अन्य घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । झडपमा संलग्न भएको अभियोगमा सातजनालाई नियन्त्रणमा लिइएको छ ।

# साँझमा सूचना, बिहान सार्वजनिक सुनुवाइ ?



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवाप्रसौनी गाउँपालिकामा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममै बदमासी भएको भन्दै विभिन्न दलका नेता कार्यकर्ताले विरोध जनाएका छन् । शनिबार बिहान स्थानीयको विरोधका कारण कार्यक्रम अवरुद्ध भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिनु परेको थियो भने कार्यक्रम औपचारिकतामा सीमित भएको छ । जनताबिनाको कार्यक्रम भएको छ । कार्यक्रमका लागि गाउँपालिकाले शुक्रबार साँझ मात्र सूचना सार्वजनिक गरेको थियो । शनिबार बिहान १० बजे विद्यालय पर्खालभित्र कार्यक्रम राखिए पनि ११ बजेसम्म शुरु भएको थिएन । नेकपा माओवादी केन्द्रका नेता तथा प्रदेशसभा सदस्यका उम्मेदवार शिवकुमार साह तेलीको नेतृत्वमा स्थानीयले कार्यक्रम औपचारिकता पूरा गर्नमा सीमित भएको भन्दै विरोध गरेको थियो । जनप्रतिनिधि र कर्मचारीमा मात्र कार्यक्रम सीमित पारिएको भन्दै नाराबाजी र विरोध प्रदर्शन भएको थियो । स्थिति तनावग्रस्त भएपछि इलाका प्रहरी कार्यालय पटेर्वासुगौली र एकटाङ्गाबाट खटिएको प्रहरी टोलीले अवस्था नियन्त्रणमा लिएको थियो ।

पूर्व वडासदस्य प्रदीप चौधरीले सात दिनअघि सूचना प्रवाह गर्नुपर्नेमा पालिकाले लापरबाही गरेको भन्दै विरो गरेका थिए । विरोधमा नेपाली कांग्रेस, जनमत पार्टीका युवा नेता तथा स्थानीय युवाको उल्लेख्य सहभागिता थियो । जम्मा ३५ जना जनप्रतिनिधि, कर्मचारी र आफन्तहरु मात्रै राखेर कार्यक्रम गर्न खोजिएपछि विरोध गरिएको तेलीले बताए । तेली समूहको विरोधको प्रतिवाद गर्न पालिका अध्यक्ष जशवन्त यादव आफैँ उत्रिएपछि स्थिति अरु अशान्त बनेको थियो ।सर्वसाधारणको सहभागिता भएन, कार्यक्रमबारे जनताले थाहा पाएनन् भन्दा अध्यक्ष यादवले 'सबै जिम्मा हाम्रो मात्रै हो ?' भन्दै प्रतिवाद गरेका थिए । ससाना कुरा फेसबुकमा लेखेर स्टन्टमा रमाउने यादवले यत्रो सार्वजनिक महत्वको कार्यक्रम किन गुपचुप हतारमा गर्न खोजे र सारा दलका नेता कार्यकर्ताले विरोध गर्दा बचाउमा उत्रिए भन्दै प्रश्न उब्जिएको छ । भ्रष्टाचार, बेथिति, अनियमितता, कुशासन ढाकछोप गरी जनतामा सूचना प्रवाह नगरी चोर बाटोमा सर्वजनिक सुनुवाइ गर्न खोजिएको भन्दै विरोध गरिएको स्थानीय युवा नेता सुधिर दास थारुले बताए ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका युवा नेता शशीकान्त भैया थारु, जनमत पार्टीका शम्भु यादव (जय भोले), स्थानीय अभिनास महतो थारु, रामकरण दास, रामबाबु महतो, बलिराम महतो, नित्यानन्द महतो, विनोद चौधरी, राजकुमार चौधरी, कपिलदेव चौधरी, हरि साह कानुलगायत दर्जनौँ युवाको सहभागिता थियो ।

# कतारमा महासचिवले सुनाए एमालेमाथि प्रहारको रहस्य




**रामएकवाल राम**
**दोहा ।**
नेकपा एमालेका महासचिव शंकर पोखरेलले एमाले बलियो हुँदासम्म आफ्नो भविष्य नहुने देखेका शक्तिहरू एमालेविरुद्ध गाली गर्न लागेको बताएका छन् । एमालेले राष्ट्रलाई बलियो बनाउने अभियानमा लागेकाले राजावादीलगायत अन्य केही राष्ट्रियताविरोधी शक्ति एमालेविरुद्ध लागेको बताए । दोहाको सनैयामा प्रवासी नेपाली मञ्च कतारद्वारा आयोजित आन्तरिक भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन् । महासचिव पोखरेलले सङ्घर्षबाट प्राप्त लोकतन्त्र र आदर्शलाई भत्काउने प्रयास भइरहेको मुलुकलाई बलियो बनाउन लोकतान्त्रिक पक्षधर सबै एकजुट हुनुपर्ने आवश्यकता औँल्याए ।

नेपाली समाजलाई अराजकतावादबाट जोगाउन सबैले साथ सहयोग गर्नुपर्नेमा महासचिव पोखरेलले जोड दिए । लोकतन्त्र र गणतन्त्रविरुद्ध नियोजित प्रचार भइरहेको र त्यसले नेपाली समाजलाई नकारात्मक प्रभाव पारिरहेको बताउँदै लोकप्रियताको कुरा गर्नेले राजनीति र राष्ट्र निर्माण दुवै काम गर्न नसक्ने प्रष्ट पार्दै लोकप्रियतावादले कहिल्यै पनि समस्याको समाधान गर्न नसक्ने उनले बताए । चुडामणि कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रममा पोलिट्ब्युरो सदस्य सुजिता शाक्य, पार्टीका केन्द्रीय सदस्य घनश्याम पाण्डेलगायत प्रवासी नेपाली मञ्च कतारका बाक्लो उपस्थिति थियो ।

# बढ्दै सर्पदंशका घटना

**मधेशदृष्टि**
**महोत्तरी ।**
असार शुरु भएसँगै पानी पर्न थालेपछि सर्पदंशका घटना बढ्न थालेका छन् । असार सङ्क्रान्तिका दिनदेखि पानी पर्न थालेसँगै महोत्तरीमा सर्पदंशका घटना बढेको हो । असार पहिलो साताभित्र २५ जना सर्पदंशका बिरामी उपचार लिन आएका सर्पदंश उपचार केन्द्र बर्दिबासले जनाएको छ । पानी पर्न थालेपछि तराईका जिल्लामा सर्पदंशका घटना बढ्ने गरेका केन्द्रमार्फत नेपाली सेनाको उपचार टोलीमा सहभागी प्राविधिक प्रमुख भोला चौधरीले बताए । 'गर्मीयाम र पानी परेपछि सर्प दुलोबाट बाहिर निस्कने हुँदा यस्तोबेला घटना बढ्छन् । गर्मीमा हावा खान र वर्षामा दुलो पानीले भरिँदा सर्प बाहिर निस्कने र यस्तैबेला सर्पदंशका घटना बढ्ने भएकाले आवश्यक सर्तकता अपनाउन जरुरी छ,' उनले भने ।

सामान्यतया साउनमा बढी पानी पर्ने भएकाले सर्पदंशका घटना साउनमा बढी हुँदै आएका केन्द्रले जनाएको छ । वर्षा र बढी गर्मीका कारण पनि सर्प दुलोबाट बाहिर निस्कने भएकाले वैशाखदेखि आवश्य सर्तकता अपनाउन केन्द्रका प्राविधिक प्रमुख चौधरीले सबैलाई आग्रह गरे । २०७१ साउन ३१ गते सञ्चालनमा आएको केन्द्रले हालसम्म ३१ हजार ३ सय ७ जनालाई उपचार दिएको छ । यस वर्षको वैशादेखि एक सय ६० जनाले उपचार लिएका केन्द्रको तथ्याङ्कमा उल्लेख छ । वैशाखमा ५२ र जेठमा ८५ घटना भएकामध्ये ६५ वटा विषालु सर्पले डसेका केन्द्रले जनाएको छ ।

सामुदायिक पहलकदमीमा स्थापना भई केन्द्रमा सेनाले उपचार गर्न तालिम प्राप्त छ जना दक्ष प्राविधिक जनशक्ति उपलब्ध गराएको छ । सर्पको उपचारमा प्रयोग गरिने 'एन्टी स्नेक भाइल' र कार्यालय सञ्चालनको व्यवस्थापन केन्द्रको सञ्चालक बोर्डले तथा उपचार नेपाली सेनाका तालिम प्राप्त दक्ष प्राविधिकले गर्दै आएका छन् । सर्पको खानी भनिने बर्दिबास नगरपालिका–१, २, ३ र १४ का वडाबस्तीमा विगतको तुलनामा सर्प घटेका पाइएको केन्द्रको सञ्चालक बोर्डका अध्यक्ष कृष्ण देवकोटाको बताए । जतातत्तै पर्ति जग्गा खनजोत गर्ने र घर बनाउने क्रम बढेसँगै १० वर्ष पहिले भन्दा अहिले यहाँ विषालु सर्प घट्दै गएका उनको भनाइ छ ।

## सभामुखद्वारा सञ्चारगृह अनुगमन



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले वीरगंजस्थित मधेशदृष्टि दैनिक, रेडियो वीरगंज ९९ मेगाहर्ज र टिभी वीरगंजको समाचारकक्ष अनुगमन गरेका छन् ।

शनिबार वीरगंज आइपुगेका सभामुख मण्डल आइतबार हुने विभिन्न कार्यक्रममा सरिक हुने बताइएको छ ।

सभामुख मण्डललाई रेडियो वीरगंज परिसरमा अध्यक्ष ध्रुव साह, रेडियोका स्टेसन म्यानेजर मुकेश सिंहले स्वागत गरेका थिए । अनुगमनक्रममा सञ्चारगृह सञ्चालन, अनुभव, चुनौती र दीगोपनाबारे छलफल भएको थियो ।

# भरतपुरमा सुत्केरी गराउन जाँदा अस्ताए परिवारका चार जना



**मधेशदृष्टि**
**हेटौँडा ।**
बुहारी सुत्केरी गराउन भरतपुर जानु पर्ने चिकित्सकको सल्लाहपछि हिँडेको परिवार बाटोमै अस्ताएको छ । शनिबार चितवनको राप्तीमा भएको दुर्घटनामा सातजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा गर्भभित्रको बच्चाको गणना गर्दा आठजना हुन्छ भने एकै परिवारका चारजनाको एकै चिहान भएपछि हेटौँडा–५ शोकाकुल बनेको छ ।

प्रसूति सेवा लिन चितवनस्थित भरतपुर अस्पताल जाँदै गरेकी हेटौँडा–५ की २७ वर्षीया रेणुका कँडेल पहाडीको दुर्घटनामा मृत्यु भएको हो । दोस्रो सन्तान जन्माउन भरतपुर हिँडेकी रेनुकासँगै गएका पति ३५ वर्षीय सरोज र सासु ५५ वर्षीया मैयाकुमारीको मृत्यु भएको छ । शनिबार बिहान १०: १५ बजेको समयमा पूर्व–पश्चिम राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिका–४ मा भएको दुर्घटनामा उनीहरूको मृत्यु भएको थियो । हेटौँडाबाट नारायणगढ गरेको बागमती प्रदेश ०३–००१ ज २९९ नम्बरको रेणुका सवार माइक्रोबस धनगढीबाट काँकडभिट्टातर्फ आउँदै गरेको प्रदेश १–०१–००१ ख ३५८३ नम्बरको यात्रुबाहक बसमा ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । दुर्घटनामा परी ७ जनाको मृत्यु भएको छ । दुर्घटनामा हेटौँडा–४ का ५५ वर्षीय सोमप्रसाद रुपाखेती, माइक्रोबस चालक हेटौँडा–१० का ३१ वर्षीय राजु थिङ र रौतहट जिल्लाको चन्द्रनिगाहपुर–६ की ३५ वर्षीया सीता चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । अन्दाजी १९ वर्षीया युवतीको सनाखत हुन बाँकी छ । दुर्घटनामा परी घाइते भएकाहरू भरतपुरस्थित पुरानो मेडिकल कलेज र एलाइभ अस्पताल भरतपुरमा उपचार भइरहेको छ ।

घाइतेमध्ये हेटौँडा–४ का ३१ वर्षीय विष्णु लम्साल, हेटौँडा–१२ का ३२ वर्षीय सिंहवीर घलान र हेटौँडा–१३ का १६ वर्षीय सक्षम थापा मध्यम घाइते रहेको प्रहरीको भनाइ छ । हेटौँडा–८ की ३४ वर्षीया गंगा घलान गम्भीर घाइते भएकी छन् । बस चालक मोरङ जिल्लाको बेलबारी नगरपालिका–७ का २७ वर्षीय सुमन चौधरी प्रहरी नियन्त्रणमा छन् ।

# निःशुल्क स्वास्थ्य परीक्षण सम्पन्न

मधेशदृष्टि
वीरगंज ।
अलखियामठ सञ्चालक समिति र सर्वोत्तम हस्पिटल एण्ड रिसर्च सेन्टरको सहकार्यमा शनिबार अलखियामठ मन्दिर परिसरको अतिथि सदनमा निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम समितिका अध्यक्ष सुपेन्द्र बहादुर श्रेष्ठ र सर्वोत्तम हस्पिटलका निर्देशक डा. चितरन्जन साहबीचको छलफलपछि सम्पन्न भएको हो । स्वास्थ्य परीक्षणमा डा. चितरन्जन साहसहित अनुभवी चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको टोलीले १० महिला र ५० पुरुष गरी जम्मा ६० जनाको स्वास्थ्य परीक्षण गरेका छन् । यस अवसरमा विभिन्न रोगहरूको प्रारम्भिक परीक्षण, स्वास्थ्य परामर्श र आवश्यक औषधि वितरण समेत गरिएको थियो । समितिका सचिव रोशन कुमार श्रेष्ठका अनुसार निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम अब प्रत्येक महिनाको शनिवार अलखियामठ मन्दिर परिसरमै नियमित रुपमा आयोजना गरिनेछ ।

# 'यातायात क्षेत्रका समस्या समाधानमा सबैको सहयोग आवश्यक छ'

जनकपुरधाम ।
मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री कौशलकिशोर रायले दैनिक रुपमा बढ्दै गएको सवारी दुर्घटना तथा यातायात क्षेत्रमा देखिएको समस्या समाधान सबैको सहयोग आवश्यक रहेको बताएका छन् । यातायात व्यवस्था कार्यालय धनुषा, जनकपुरधामद्वारा शनिबार आयोजित कार्यक्रममा बोल्दै मन्त्री यादवले प्रदेश सरकारलाई सबैभन्दा बढी राजस्व यातायात कार्यालयबाट आएको जानकारी दिँदै करको सदुपयोग प्रदेशको समृद्धिमा उपयोग गरिने बताए । कार्यालयले ११ महिनामा ५८ करोड ६९ लाख राजस्व सङ्कलन गरेको छ । धनुषाका



प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्य, मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख उमाप्रसाद चतुर्वेदी, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी र यातायात कार्यालयका प्रमुख धनञ्जयकुमार सिंहले सडक सबैको साझा हो भन्ने भावनाका साथ सडकमा सवारी साधन सञ्चालन गर्नुपर्ने बताए । जथाभावी पार्किङ गर्ने, खन्नेखोस्ने र सडक अवरोध नगर्ने उनीहरूको आशय थियो । त्यस अवसरमा नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष पुरन साहले ट्राफिक सचेतनासम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । रासस

# लहानबाट अन्तरप्रदेशीय मार्ग निर्माण गरिने

सिरहा ।
मधेश प्रदेश सरकारले अन्तरप्रदेशीय मार्ग विस्तारको पहल लहान नगरपालिकाबाट शुरू गर्ने भएको छ । मधेश प्रदेशका अर्थमन्त्री सुनीलकुमार यादवले लहान नगरपालिकाको १६औँ नगरसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै यस्तो घोषणा गरेका हुन् । अर्थमन्त्री यादवले लहानको उत्तरी भेगमा रहेको धार्मिक र पर्यटकीय महत्वको कान्हे महादेव क्षेत्रलाई कोशी प्रदेशको उदयपुर जिल्लासँग जोड्ने सडक निर्माणको योजना अघि बढाउने स्पष्ट पारे । 'अन्तरप्रदेशीय आवागमन सहज बनाएर व्यापार–व्यवसायलाई प्रवर्द्धनका साथै पर्यटनको विकास गर्ने मुख्य उद्देश्य हो', मन्त्री यादवले भने । मन्त्री यादवका अनुसार सडक पूर्वाधारले मधेश प्रदेशको आर्थिक अवस्था मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । 'धार्मिक पर्यटनसँगै स्थानीय उत्पादन बजारसम्म पुर्याउन मार्ग सहयोगी हुनेछ', उनले भने । त्यस्तै, लहान नगरपालिकाले प्रस्तुत गरेको आव २०८३÷८३ को बजेटको प्रशंसा गर्दै शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन क्षेत्रमा ल्याइएका योजनालाई सफल बनाउन प्रदेश सरकारले साथ दिने आश्वासन दिए । त्यसैगरी, लहानको खुट्टी नहर पुनःसञ्चालनका लागि मधेश प्रदेश सरकारले बजेट समावेश नगरेको भन्दै आलेचनाकाबीच मन्त्री यादवले रकमान्तर गरेर भए पनि आवश्यक रकम व्यवस्थापन गरिने बताए । रासस

# प्रेस जनमतलाई टि–सर्ट वितरण

राहुल गुप्ता
बारा ।
प्रेस जनमत संघ बारा शाखालाई जनमत पार्टीका केन्द्रिय सदस्य तथा फेटा गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार उमेश दुबेले टि–सर्ट वितरण गरेका छन् । प्रेस जनमत संघ बाराका अध्यक्ष तथा केन्द्रिय सदस्य अनिल पाण्डेलाई जनमत पार्टीका केन्द्रिय सदस्य उमेश दुबेले १२ थान टि–सर्ट हस्तान्तरण गरेका हुन् ।



फेटा गाउँपालिका वडा नम्बर–७ गम्हरिया टोलस्थित आफ्नै निवासमा युवा नेता दुबेले आयोजना गरेको चियापान कार्यक्रममा टि–सर्ट हस्तान्तरण गरेको प्रेस जनमत संघ बाराका सल्लाहकार अमरेश पाण्डेले जानकारी दिए । कार्यक्रममा युवा नेता दुबेले नेता र पत्रकारबिचको सम्बन्ध सुमधुर हुनु पर्ने ठाउँमा तिक्तता बढ्दै गएको बताए । नेता, कर्मचारीहरूको भ्रष्टाचार विषयमा समाचार उजागर हुँदा समाचार सम्प्रेषण गर्ने पत्रकार र नेताबिच दुरी बढ्ने कार्य हुने गरेको विभिन्न घटनाले उजागर पारेको उनले बताए । भ्रष्टाचार गर्ने भ्रष्टाचारी न समाजको हुनसक्छ न त राष्ट्रके त्यस अनुसार भ्रष्टाचारविरुद्ध आफ्नो कलम निरन्तर चलाइ रहन युवा नेता दुबेले आग्रह गरे । पत्रकारिता पेशा समाजको एना भएकोले समाजप्रति, आफ्नो पेशाप्रति इमान्दार रहि कार्य अगाडी बढाउँदै जाने दुबेले सुझाएका थिए । कार्यक्रममा प्रेस जनमत संघ बारा शाखाका अध्यक्ष तथा केन्द्रिय सदस्य अनिल पाण्डे, उपाध्यक्ष श्यामल गिरी, सचिव चन्देश्वर चौरसिया, कोषाध्यक्ष उपेन्द्र पासवान, सदस्य शेषनाथ यादवलगायतको सहभागिता रहेको सल्लाहकार अमरेश पाण्डेले जानकारी दिए ।

# वीरगंजमा आकस्मिक रक्तदान

मधेशदृष्टि
वीरगंज ।
सिटि मार्केट घण्टाघरको आयोजनामा शनिबार वीरगंजमा आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा १ महिलासहित ५१ जना स्वेच्छिक रक्तदाताहरूले रक्तदान गरेका छन् । हाल वीरगंज ब्लड बैंकमा रक्त अभाव रहेको जानकारी दिँदै आयोजकले सबै नागरिकलाई रक्तदानमा सहभागी हुन आग्रह गरेका छन् । रक्तदान कार्यक्रम स्थानीय युवाहरू, व्यापारी र सामाजिक अभियन्ताहरूको सहभागितामा सम्पन्न भएको हो । रक्तदातामध्ये धेरैजसो युवाहरू रहेको र उनीहरूले नियमित रक्तदानको आवश्यकता महसुस गराउँदै अभियानलाई साथ दिएको आयोजकले जनाएको छ ।

# बस्तीलाई भू–स्खलनबाट जोगाउन महिला सक्रिय

महोत्तरी ।
पुरुष प्रधान हाम्रो समाजमा प्रत्येक योजना तथा भौतिक निर्माणका काममा पुरुषमात्रै सहभागी भइरहेका बेला महोत्तरी जिल्लाको बर्दिवास नगरपालिकामा सञ्चालित एक योजनामा महिलामात्रै सहभागी भएर निर्माण अगाडि बढाएका छन् । जिल्लाकै सुदूर उत्तरवर्ती चुरेको काँछमा रहेको बर्दिवास नगरपालिका–११ खयरमारा गाउँमा महिलामात्रै सहभागी भएर योजना सञ्चालन गरिरहेको पाइएको छ । महिला पनि पुरुषभन्दा कम छैनन् र महिलाले चाहे जे पनि गर्न सक्छन् भन्ने उदाहरण दिँदै त्यहाँका महिला आफ्नो बस्तीलाई भू–स्खलनबाट जोगाउन पर्खाल निर्माणमा जुटेका छन् । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ५० लाख ५२ हजार ९२२ रुपैयाँ ३७ पैसाको लागतमा महिलाले खयरमारा गाउँको 'बाँके खोलादेखि बढुवा खोल्सीसम्मको सडकको दक्षिणपट्टी मेसिनरी वाल निर्माण' गरिरहेका छन् । दुई सय ७० मिटर लम्बाइ र विभिन्न ठाउँमा १६०÷१७० सेन्टिमिटर बेसदेखि १९० सेन्टिमिटरको बेस र ७०÷८० सेन्टिमिटर 'टप फिनिस पर्खाल' निर्माणमा स्थानीय महिला जोरसोरले लागेका छन् । यस योजनाको उपभोक्ता समितिमा सात जना महिला नै छन् भने यस योजना निर्माणमा संलग्न डकर्मी, सिकर्मी र कामदार पनि महिला नै रहेका छन् । २७ जना महिलाको समूहमा कोही ढुङ्गा बोक्ने, कोही बालुवा ल्याउने, कोही सिमेन्ट ल्याउने, कोहीले मसला तयार गर्ने र केहीले पर्खाल निर्माणमा मिस्त्री (सिकर्मी, डकर्मी) को काम गरिरहेका छन् । योजनाका कोषाध्यक्ष अनुराधा मगरातीले यहाँका पुरुषले पनि यत्रो ठूलो योजना महिला मात्रैले पूरा गर्न सक्दैनन् आफूहरूलाई होच्याइरहेकामा अहिले पूरा गाउँले आफूहरूको सराहना गरेको बताइन् । त्यसैगरी, योजनाका सचिव तिला दाहालले यस योजना निर्माणले हामी महिलाको हौसला बढाएको र आफूहरू अब पुरुषसरह नै कुनै पनि योजना पूरा गरेर देश विकासमा टेवा पुर्याउनसक्ने दाबी गरिन् । आफ्नो बस्तीको सडक र बस्तीलाई जोगाउन स्थानीय महिलाहरू मात्रै सहभागी भएर गरिरहेका यत्रो ठूलो भौतिक निर्माण सफलता पूर्वक सम्पन्न हुन आँटेको देखेर स्थानीय नेपाली काँग्रेसका नेता पोषण थापाले यस्तो उपभोक्ता समिति र यस्तो काम मधेश प्रदेशमै पहिलो रहेको बताए । त्यस्तै, बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लाद क्षेत्रीले खयरमाराका महिलाले गरिरहेको भौतिक निर्माणको प्रशंसा गरे । उपभोक्ता समितिका अध्यक्ष अनिता सुवेदीले पुरुषले सञ्चालन गरेको योजनामा अनियमितता हुने, कामचोरी हुने र तोकिएको काम नहुने बताउँदै आफूहरू महिला मात्रै सहभागी भएर सञ्चालन गरेको यस योजनाले नमुना काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले आगामी पाँच दिनभित्र योजना सम्पन्न गर्ने प्रतिबद्धता पनि व्यक्त गरिन् । रासस

# रौतहटमा करेन्ट लागेर युवकको मृत्यु



मधेशदृष्टि
रौतहट ।
रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका–८ स्थित रामदासी गाउँमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । शुक्रबार राति आफ्नै खेतमा सिँचाइका लागि मोटर जडान गर्ने क्रममा करेन्ट लाग्दा २२ वर्षीय सावल कुशवाहाको घटनास्थलमै मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय विजयपुरका प्रहरी निरीक्षक सुरेन्द्र प्रसाद यादवका अनुसार कुशवाहा खेतमा पानी तान्न बिजुलीको पोलबाट मेसिनमा तार जोड्ने प्रयास गरिरहेका थिए । सोही क्रममा अचानक करेन्ट प्रवाह भई उनलाई समात्दा उनी ढलेका थिए । प्रहरीको प्रारम्भिक अनुसन्धानमा घटनास्थलमै उनको मृत्यु भएको पुष्टि गरिएको छ । मृतकको शवलाई पोष्टमार्टमका लागि चन्द्रनिगाहपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्र पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# नेपालीहरु सबैभन्दा पीडित अनुशासनका कारण छन्ः प्रधानमन्त्री

काठमाडौं ।
प्रधानमन्त्री केपी शर्मा ओलीले अनुशासनको समस्याले नेपालीहरु पीडित रहेको बताएका छन् । शनिबार ललितपुरमा आयोजित ११ औं विश्व योग दिवस, २०२५ को मूल समारोह कार्यक्रममा बोल्दै उनले अनुशासन योगको पहिलो सुत्र रहेको बताउँदै अनुशासनमा बस्न नसके ज्ञान पनि काम नलाग्ने बताएका हुन् । उनले भने, 'योग भन्नेवितिकै अनुशासनको कुरा आउँछ । आज नेपाली समाज पीडित के मा छ भने अनुशासनको समस्याले गर्दा छ । अनुशासन योगको पहिलो सुत्र हो । अनुशासनमा बस्न सकिएन भने ज्ञान, ध्यानले केही पनि हुँदैन । ध्यान गर्दा पनि अनुशासन चाहिन्छ, हरेक चिजको अनुशासन हुन्छ ।' प्रधानमन्त्री ओलीले अहंकारधारीहरुले योगको यम र नियममात्र बुझिदिए देशमा हिंसा नहुने बताए । 'यदी हतियारधारीहरुले, अहंकारधारीहरुले यम र नियममात्र बुझिदिए हतियारबाट केही खतरा हुन्न । बन्दुक आफै पड्किदैन । त्यसमा गोली हुन्छ । त्यो बहुतै खतरनाक हुन्छ । अहंकारले हतियार बनाउँछ त्यसले विनास गर्छ र विनासमा रमाउँछ,' उनले भने । यस्तै कार्यक्रममा शिक्षामन्त्री रघुजी पन्तले योग वैद्धिक संस्कृतिको मात्र रहेन यो विश्वभरको साझा जिवनपद्धतीको रुपमा अगाडी बढेको बताए । उनले भने,'योग र ध्यानलाई वैद्धिक चिन्तनलाई हामीले हाम्रो देशको बौद्धिक सम्पदाको रुपमा अगाडि बढाउनुपर्छ ।' रासस

# वन स्रोतको व्यवसायिक प्रयोगमार्फत मधेशको समृद्धि सुनिश्चित हुन्छः मन्त्री यादव



मधेशदृष्टि
महोत्तरी ।
मधेश प्रदेश सरकार, समृद्धिको लागि वन परियोजना अन्तर्गत प्रदेश परियोजना व्यवस्थापन इकाई जनकपुरधामद्वारा आयोजित 'वनमा आधारित उद्योग उद्यम प्रवर्द्धन अन्तरक्रिया गोष्ठी' महोत्तरी जिल्लाको बर्दिवासमा सम्पन्न भएको छ । कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री सञ्जय कुमार यादवले वन क्षेत्रको दिगो प्रयोग र वनजन्य पदार्थमा आधारित उद्योगको प्रवर्द्धनले स्थानीय रोजगारी सिर्जना, वातावरण संरक्षण र ग्रामीण समृद्धिमा योगदान पुर्याउने बताए । उनले प्रदेश सरकार वनबाट प्राप्त स्रोतलाई व्यावसायिक रुपमा उपयोग गर्न चाहेको उल्लेख गर्दै भने, 'समृद्ध मधेशका लागि प्राकृतिक स्रोतको न्यायोचित सदुपयोग अपरिहार्य छ ।' अन्तरक्रियामा नीति तथा योजना आयोग मधेश प्रदेशका उपाध्यक्ष डा. सोहन साहले वनजन्य उद्योगमा नवप्रवर्तन (इनोभेसन) र दीर्घकालीन सोचको खाँचो औंल्याउँदै भने, 'वनमा आधारित उद्योगलाई स्थानीय उत्पादन प्रणालीसँग जोड्न सकेमात्र दीगो विकास सम्भव हुन्छ । प्रदेश सरकारले नीति निर्माण र लगानीमैत्री वातावरण बनाउनुपर्ने आवश्यकता अहिलेको प्रमुख चुनौती हो ।' उनले औद्योगिक पूर्वाधार, बजारीकरण, प्रविधि हस्तान्तरण र सहकारीसँगको सहकार्यजस्ता पक्षमा कार्य गर्नु आवश्यक रहेको धारणा राखे । गोष्ठीमा महोत्तरी, धनुषा, सर्लाही लगायत जिल्लाका वनमा आधारित साना तथा घरेलु उद्यमी, उद्योग संघका प्रतिनिधिहरू, विज्ञ, वातावरणविद्, जनप्रतिनिधि तथा सरोकारवाला निकायको उपस्थिति रहेको थियो । सहभागिहरूले वनजङ्गलसँग सम्बन्धित कच्चा पदार्थको उपलब्धता, बजारको समस्या, अनुमतिपत्र प्रणालीको जटिलता, वित्तीय पहुँच र नीति स्पष्टता नभएको गुनासो राखेका थिए ।

# रघुनाथ ठाकुरको योगदानलाई बिर्सिएर नेताहरू ब्याज खाँदैछन् : बीपी साह

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश आन्दोलनका आधार शिलाहरूलाई बिर्सेर सत्ताको राजनीति गर्नेमाथि जनमत पार्टीका नेता बीपी साहले आलोचना गरेका छन् । उनले स्व. रघुनाथ ठाकुरजस्ता विचारकको योगदानलाई सम्मान नगरेको भन्दै मधेशी नेताहरूले 'ठाकुरले शुरू गरेको विद्रोहको ब्याज माल खाँदै' आएको आरोप लगाए । जनकपुरधाममा आयोजित स्व. रघुनाथ ठाकुरको ४४औं स्मृति दिवसको अवसरमा सडक अन्तरक्रियामा बोल्दै साहले भने, 'स्व. ठाकुरले कोरेको मधेश विद्रोहको नक्सामै आजका आन्दोलन र राजनीति घुमिरहेका छन् । तर, अहिलेका नेताहरूले त्यो आन्दोलनलाई जातिवाद, परिवारवाद, पद र पैसावादमा बदलिदिएका छन् ।'



साहले ठाकुरको योगदानलाई केवल स्मरणमा सीमित नराखी उनको विचार र दृष्टिकोणलाई राजनीतिक मार्गदर्शनको आधार बनाइनुपर्ने धारणा व्यक्त गरे । उनका अनुसार ठाकुर मधेशको सामाजिक, सांस्कृतिक र राजनीतिक अस्मिता निर्माणका लागि समर्पित चिन्तक थिए । उनले भने, 'मधेशमाथिको विभेद र उपेक्षालाई स्पष्ट भाषामा उठाउने साहस ठाकुरसँग थियो । उनले मधेशी जनताको आत्मगौरव र अस्मिता जोगाउन बुद्धिको क्रान्ति गरे ।' साहका अनुसार स्व. ठाकुरको चर्चित कृति 'परतन्त्र मधेश और उसकी संस्कृति' ले नेपालको राज्यसंरचनाभित्र रहेको सांस्कृतिक औपनिवेशिकता र राजनीतिक बहिष्करणको आलोचना गर्छ । 'नेपालको शिक्षा प्रणाली, भाषा नीति, राजनीतिक समावेशिता सबै क्षेत्रमा मधेशलाई हेर्ने दृष्टिकोण अझै उपेक्षामूलक छ,' उनले भने, 'ठाकुरको विचारमा राज्यले मधेशीहरूको भाषिक, सांस्कृतिक र राजनीतिक अस्मिता स्वीकार नगरेसम्म साँचो समावेशी राष्ट्र निर्माण सम्भव छैन ।' साहले वर्तमान मधेशी नेतृत्वमाथि ठाकुरजस्ता अगुवाको विचारबाट विचलित भएको आरोप लगाउँदै भने, 'मधेश मुक्तिका लागि अब पुनः एकीकृत संघर्ष आवश्यक छ ।'

# ईशनाथ नगरपालिकाले सार्वजनिक गर्यो ४९ करोड बढीको बजेट

**राकेश यादव**
**रौतहट ।**



रौतहट जिल्लाको ईशनाथ नगरपालिकाको ११औँ नगरसभा शनिवार सम्पन्न भएको छ । अषाढ १० गतेभित्र स्थानीय तहले आगामी आर्थिक बर्षको लागि बजेट नीति तथा कार्यक्रम ल्याई सक्नुपर्ने कानुनी प्रावधान अनुसार ईशनाथ नगरपालिकाले नगरसभा सम्पन्न गरेको हो । ईशनाथ नगरपालिकाका नगरप्रमुख कौशल्या देवी सिन्हाले चालु आर्थिक वर्षमा सम्पन्न गरेका योजना कार्यहरुको विवरण नगरसभा समक्ष प्रस्तुत गरेकी हुन् ।

निर्वाचनको बेला जनतासमक्ष गरेको वाचा अनुसारको कार्य गर्दै आएको उनले दावी समेत गरेकी हुन् । नगर प्रमुख सिन्हाले किसानको लागी कृषि सिँचाईको क्षेत्रलाइ प्राथमिकतामा राखिएको बताउँदै शिक्षा र स्वास्थ्यको क्षेत्रमा आमुल्य परिवर्तन गरिने नीति लिइएको बताइन् । नीति तथा कार्यक्रममा आगामी बर्षमा महिला सशक्तिकरणको लागि विभिन्न किसिमको सिपमुलक तालिम आय आर्जन स्वरोजगारीको व्यवस्था गर्ने लक्ष्य लिइएको हो । पर्यटन पूर्वाधार, लोप हुँदै गएको कला संस्कृति, परम्परालाई संरक्षण गर्दै लाने उदेश्य लिइएको छ । खेलकुदको लागि मैदानको व्यवस्थापन गर्ने लक्ष्य नीति कार्यक्रममा लिइएको छ ।

पूर्व शिक्षा सचिव डाक्टर रामस्वरुप सिन्हाले नगर प्रमुखले प्रस्तुत गरेको नीति कार्यक्रम नगरपालिकाको लागि फलदायी हुने विश्वास व्यक्त गरे । प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै डाक्टर सिन्हाले प्रस्तुत गरिएको योजना जनताको चाहना अनुसार पारदर्शी ढंगबाट कार्यान्वयन गराउनु पर्ने जोडसमेत दिए । निमित्त प्रमुख प्रशासकीय अधिकृत नन्द किशोर गुप्ताको सुझबुझ र अनुभवको आधारमा सबै क्षेत्र समेट्ने गरि नीति कार्यक्रम तयार गरिएको बुझिएको छ । नगर सभामा उपप्रमुख प्रवेज आलमले आगामी वर्ष २०८२/०८३ को लागि आय व्यय प्रस्तुत गरे । ४९ करोड ४६ लाख ५२ हजार ४ सय ९७ रुपैयाँको बजेट प्रस्तुत गरिएको छ । नगर सभामा निर्वाचित ९ वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदसहरू, नागरिक समाजका अगुवा, बुद्धिजिवीहरुको सहभागिता रहेको थियो । १६ नगरपालिका, २ गाउँपालिकासहित १८ स्थानीय तह भएको रौतहटमा अहिलेसम्म राजपुर नगरपालिका, कटहरिया नगरपालिका, राजदेवी नगरपालिका, गरुडा नगरपालिका, माधव नारायण नगरपालिका, बौद्धिमाइ नगरपालिका, गढ़िमाई नगरपालिकासहित ८ पालिकाले बजेट ल्याइसकेका छन् ।

# व्यस्त जीवनशैलीलाई योगामार्फत व्यवस्थित गरौँः मुख्यमन्त्री सिंह

**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो व्यस्त जीवनशैलीलाई योगामार्फत व्यवस्थित गर्न आह्वान गरेका छन् । भारतको महावाणिज्य दूतावास वीरगंजद्वारा शनिबार आयोजित अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा मुख्यमन्त्री सिंहले योगामार्फत विभिन्न खालका रोगका उपचार पनि हुँदै आइरहेको पनि उल्लेख गरे । 'मानव कुनै न कुनै किसिमको तनावबाट गुज्रिने भएकाले पनि योगाको आवश्यकता बच्चादेखि वृद्धसम्म अत्यन्त जरुरी भइसकेको छ', उनले भने, 'भागदौड र व्यस्त जीवनशैलीले मानिस आफ्नो स्वास्थ्यलाई ध्यान दिन नसक्दा विभिन्न किसिमका रोगको समस्या देखिएको छ । त्यसैले योगमार्फत रोगलाई जित्न सकिने भएकाले सोतर्फ लाग्न अनुरोध गर्दछु ।' मुख्यमन्त्री सिंहले तनावयुक्त अवस्थाबाट गुज्रिरहेको परिपेक्षमा आफ्नो दिनको शुरुवात योगबाट गरेमा धेरै हदसम्म तनाव व्यवस्थापन गर्न सकिने बताए । 'बच्चादेखि वृद्धसम्म कामले होस् या पढाइले तनावबाट गुज्रिरहेको अवस्था छ । व्यस्त जीवनशैलीमा बिहानको समयमा योगा गरेर भए पनि आफ्नो स्वास्थ्यलाई केही हदसम्म भए पनि स्वस्थ र फूर्तिलो गराउन पहलकदमी गर्न आवश्यक छ', उनले भने, 'योग प्राचीनकालदेखि अभ्यास हुँदै आइरहेकाले त्यसलाई सबैले अनुशरण गर्न जरुरी छ ।' भारतको महावाणिज्य दूतावासका महावाणिज्य दूत देवी सहाय मिनाले अहिलेको सन्दर्भमा योगको महत्व दिनानुदिन बढ्दै गइरहेको बताए । त्यस्तैगरी प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय वीरगंजले विविध कार्यक्रम गरेर ११औँ अन्तर्राष्ट्रिय योग दिवस २०८२ मनाएको छ । कार्यालय प्रमुख डा. शिवनारायण गुप्ताले योगको महत्व अझै बढ्दै गइरहेको बताए । 'योगले शारीरिक, मानसिक रुपमा स्वस्थ हुन महत्वपूर्ण योगदान पुर्याउने गर्छ', उनले भने । रासस

# मैथिली मासिक कथा गोष्ठी सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली विकास कोषको आयोजनामा नियमित रूपमा आयोजना हुने मासिक कथा गोष्ठी शनिबार जनकपुरधाममा सम्पन्न भएको छ । नयाँ पुस्ताका छात्रछात्रालाई साहित्यिक सिर्जनामा अभिप्रेरित गर्ने उद्देश्यले आयोजना गरिएको गोष्ठीमा कथा वाचन, समालोचना र संवादमार्फत मैथिली साहित्यप्रतिको प्रतिबद्धता झल्किएको छ । प्रत्येक महिनाको पहिलो शनिवार आयोजना हुने विद्यार्थी केन्द्रित कथा गोष्ठीमा यसपटक दिल्ली विश्वविद्यालयकी प्राध्यापक तथा साहित्यकार डा. सविता झा र प्रख्यात चित्रकार संतोषकुमार दास विशेष अतिथिका रूपमा सहभागी भएका थिए । गोष्ठीमा छात्रा प्रेरणा तिवारी प्रथम, छात्र कृष्णा साह द्वितीय र छात्र कुशल झा तृतीय भएका छन् । छात्र अजय कामतीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा काश्मीरा खातुन, किञ्जल राय, ध्रुवेन्द्र यादव, अमलेश कापर, गोविन्दा मण्डल, रविकिशन मण्डल, अविशेष कापर, अनिष मण्डल, अंशु मण्डल, राजनन्दनी तिवारी लगायत १५ जना युवा सर्जकले कथा वाचन गरे । गोष्ठीका विशेष अतिथि चित्रकार संतोषकुमार दासले मैथिली चित्रकला र भाषाबीचको सम्बन्धबारे मन्तव्य दिंदै भने, 'मैथिली चित्र र शब्द एउटै स्रोतका दुई धार हुन् । चित्र दृश्य अनुभव हो भने भाषा चेतनाको अभिव्यक्ति हो । परम्परा जोगाएर नयाँ पुस्तामा हस्तान्तरण गरिनु नै मैथिलीको भविष्य हो ।' मैथिलीमा नारी चेतनाका पक्षमा क्रियाशील साहित्यकार डा. सविता झाले गोष्ठीमा प्रस्तुत कथाहरूमा मिथिला नारीको संवेदना झल्किएको उल्लेख गर्दै भनिन्, 'त्यो स्वर अझ सशक्त र केन्द्रीय बन्न आवश्यक छ । मैथिली साहित्यमा महिला लेखनलाई समर्पित प्लेटफर्महरू बढाइनु पर्ने बेला आएको छ ।' वरिष्ठ साहित्यकार रोशन जनकपुरीले गोष्ठीको प्रारम्भमा 'रोशनसरको क्लास' मार्फत कथा लेखनका टिप्स प्रस्तुत गरे । उनले भने, 'गोष्ठीहरू सिर्जनात्मक ऊर्जा आदानप्रदान गर्ने थलो हुन् । यस्ता अभ्यासले भाषा जोगिन्छ, चेतनाको विस्तार हुन्छ ।' कार्यक्रममा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले सहभागी विद्यार्थीहरूको कथा संग्रह छिट्टै पुस्तकका रूपमा प्रकाशित हुने जानकारी दिए । उनले यस्ता साहित्यिक आयोजनाहरूले नयाँ पुस्तामा सिर्जनशीलताको बीउ रोप्ने विश्वास व्यक्त गरे । गोष्ठीमा वरिष्ठ पत्रकार सुजितकुमार झा, कवियत्री पूनम झा मैथिली, समालोचक रोशन जनकपुरी, कोषका पदाधिकारीहरूसहित स्थानीय साहित्य अनुरागीहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

# गढीमाई नगरपालिकाको बजेट ५४ करोड ९१ लाख बढि, कृषिमा विशेष प्राथमिकता



**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको गढीमाई नगरपालिकाको १२औं नगरसभा शनिबार समनपुरस्थित कार्यपालिका भवनमा भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित जिल्ला समन्वय समितिका सभापति रामअयोध्या यादवले नगर सभाको उद्घाटन ब्यानर पढेर गरेका थिए । नगरप्रमुख श्यामप्रसाद यादवले आर्थिक वर्ष २०८२÷८३ का लागि कुल ५४ करोड ९१ लाख ७२ हजार १०८ रुपैयाँको बजेट सार्वजनिक गरेका छन् । बजेटमा संघीय र प्रदेश सरकारबाट प्राप्त विभिन्न शीर्षकको अनुदान तथा आन्तरिक स्रोत समेटिएको छ । नगरप्रमुख यादवका अनुसार बजेटमा संघीय सरकारबाट समानीकरण अनुदान ११ करोड २१ लाख, सशर्त अनुदान २५ करोड ५७ लाख, राजस्व बाँडफाँड १० करोड ८७ लाख ६५ हजार १०८, प्रदेश सरकारबाट समानीकरण अनुदान ७७ लाख ४९ हजार, विशेष अनुदान ३० लाख, समपूरक अनुदानः २० लाख, राजस्व बाँडफाँड ६३ लाख ५८ हजार, सशर्त अनुदानः ९५ लाख, सडक बोर्ड नेपाल ४० लाख रहेको छ । त्यसैगरी, मालपोतबाट राजस्व बाँडफाँड अन्तर्गत २ करोड र आन्तरिक श्रोतबाट पनि २ करोड रुपैयाँ बजेटमा समेटिएको छ । चालु खर्चतर्फ ३५ करोड ७६ लाख २३ हजार १०८ रुपैयाँ र पूँजीगत खर्चतर्फ १९ करोड १५ लाख ४९ हजार रुपैयाँ विनियोजन गरिएको नगरप्रमुख यादवले जानकारी दिए । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख यादवले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि तथा धार्मिक क्षेत्रमा उल्लेखनीय काम भएको जनाउँदै आउँदो दिनमा गढीमाईलाई अन्य पालिकाभन्दा अगाडि राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विशेषगरी कृषि क्षेत्रलाई प्राथमिकता दिँदै मोटर, स्प्रे ट्यांकी, कृषि विधतीकरण, कृषि मिटरको बिल पालिकाले व्यहोर्ने व्यवस्था गरिने जानकारी दिए । कार्यक्रममा उपप्रमुख अस्मिता यादवले स्वागत मन्तव्य दिँदै सम्पूर्ण अतिथिहरूलाई स्वागत गरिन् । वडाध्यक्षहरूले प्रस्तुत नीति तथा कार्यक्रममाथि आ–आफ्ना धारणा राखेको निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले जानकारी दिएका छन् ।

# पक्राउ परेका मण्डल थप आधा दर्जन अपराधमा संलग्न रहेको प्रहरीको भनाई



**मधेशदृष्टि**
**सप्तरी ।**
प्रतिबन्धित लागुऔषध गाँजा भण्डारण र तस्करीको तीन बर्ष पुरानो घट्नामा संलग्न रहेको आरोपमा ६ दिनअघि पक्राउ परेका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१ भारदह निवासी बुधन भन्ने जोगानन्द मण्डलमाथि ज्यानमार्ने उद्योग देखि हातहतियार खरखजाना सम्मका गरी थप ७ वटा मुद्दा रहेको प्रहरीले खुलासा गरेको छ । शनिबार प्रहरीले ३५ बर्षीय मण्डलमाथि गत आ.ब. २०६५/०६६ देखि २०८०/०८१ सम्ममा सप्तरी जिल्ला अदालतबाट चलेको विभिन्न अपराधका थप ७ वटा मुद्दाबारे विवरण सार्वजनिक गरेको हो । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार मण्डलउपर २०६५/०६६ मा केही सार्वजनिक अपराध, २०६७/०६८ मा हातहतियार तथा औजार र २०६८/०६९ मा ज्यान मार्ने उद्योगमा क्रमशः इलाका प्रहरी कार्यालय कञ्चरपुर र जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भई कानुनी प्रक्रियामा रहेको छ । यस्तै मण्डललाई २०७१/०७२ मा सप्तरी जिल्ला अदालतबाट लागुऔषध मुद्दामा दुई बर्ष कैद र १५ हजार जरिवाना २०७७/०७८ मा एक बर्ष ९ महिना कैद तथा २०८०/०८१ मा सोही मुद्दामा १० हजार जरिवाना र चारसय रुपैयाँ क्षतिपुर्ती भराउने अदालतले ठहर गरेको थियो । उनीमाथि चलेको मुद्दा मध्ये केही सार्वजनिक अपराध, ज्यानमार्ने उद्योग, हातहतियार तथा औजार र हातहतियार खरखजाना लगायतका कसूरबारे अदालतमा न्याय सम्पादन कार्य प्रक्रियामै रहेको प्रहरीको भनाइ छ । मण्डल सोमबार कोशी व्यारेज क्षेत्रबाट पक्राउ परेका थिए । प्रहरीका अनुसार २०७९ पुष १४ गते हनुमाननगर कंकालिनी नगरपालिका–१ स्थित सप्तकोशी नदी किनारमा बालुवामुनी गाडेको अवस्थामा प्रहरीले ८१० किलो गाँजा बरामद गरेको थियो । अनुसन्धानका क्रममा उक्त गाँजा तस्करी प्रयोजनका लागि मण्डलले नै लुकाई राखेको खुलेको प्रहरीको दावी छ । प्रहरीले सो प्रकरणको अनुसन्धानलाई तिब्र बनाएपछि मण्डल फरार भएका थिए ।

# 'रवीन्द्र साह ध्यान योग मन्दिर'को स्थापना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा रवीन्द्र साह स्मृति प्रतिष्ठानद्वारा आयोजित ध्यान योग शिविर जनकपुरधाम उपमहानगरपालिका–२३ बेलास्थित भगवान गनिनाथ गोविन्दको निर्माणाधीन मन्दिर परिसरमा सम्पन्न भएको छ । सो अवसरमा 'रवीन्द्र साह ध्यान योग मन्दिर'को पनि औपचारिक स्थापना गरिएको छ । योग साधना, आत्मचिन्तन र मानवीय चेतनाको सन्देश प्रवाह गर्ने उद्देश्यसहित आयोजित उक्त शिविरमा योग प्रशिक्षक जगदीश ठाकुर र सहायक प्रशिक्षक सुरेश यादवको निर्देशनमा सहभागीहरूले योग अभ्यास र ध्यान विधिहरूमा सहभागिता जनाए । कार्यक्रममा वडा अध्यक्ष राघवेन्द्र साह, वरिष्ठ पत्रकार श्रीनारायण साह, प्रा. सुरेश साह,



प्राचार्य प्रा. रमेश साह लगायतका वक्ताहरूले बोल्दै स्व. रवीन्द्र साहको जीवन दर्शन, आत्मचिन्तनशील सोच र सामाजिक क्रान्तिप्रतिको समर्पणलाई स्मरण गरे । वक्ताहरूले साहलाई केवल योगप्रेमी वा चिन्तकको हैसियतमा मात्र नभइ एक युगद्रष्टा र आत्मसाक्षात्कारमार्फत समाज रुपान्तरणको दिशामा लागेका मार्गदर्शकका रूपमा उल्लेख गरे । 'रवीन्द्र साह ध्यान योग मन्दिर'मार्फत अब स्थानीय स्तरमा ध्यान, योग र चिन्तनमूलक कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिने आयोजकले जानकारी दिएको छ । प्रतिष्ठानले भविष्यमा युवालाई लक्षित गरी आत्मविकासमूलक कार्यशाला, अध्यात्म संवाद र वैचारिक प्रशिक्षण कार्यक्रमसमेत सञ्चालन गर्ने जनाएको छ ।

# ग्राण्ड कम्प्युटरद्वारा बाल आश्रममा खाद्यान्न र शैक्षिक सामग्री वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**




अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा ग्राण्ड कम्प्युटर एण्ड ल्याङ्ग्वेज सेन्टर जनकपुरधामले सामाजिक उत्तरदायित्वअन्तर्गत कविर बाल वात्सल्य आश्रमका बालबालिकालाई खाद्यान्न तथा शैक्षिक सामग्री प्रदान गरेको छ । कम्प्युटर सेन्टरका सञ्चालक प्रमोद कुमार पण्डितका अनुसार सेन्टरमा अध्ययनरत विद्यार्थीहरूबाट संकलित सामग्रीहरू खाना पकाउने ग्यास सिलिन्डर, आलु, प्याज, चिनी, बिस्कुटलगायतका खाद्य सामग्री र कापीकिताब आश्रमलाई हस्तान्तरण गरिएको हो । 'योग दिवसले शरीरको स्वास्थ्यसँगै अनुशासन र सामाजिक चेतनाको सन्देश दिन्छ । हामीले यही सन्देशलाई आत्मसात गर्दै आश्रममा सहयोग गरेका हौं,' पण्डितले भने । उनका अनुसार यस प्रकारको सानो प्रयासले बालबालिकाको स्वास्थ्य र पठनपाठनमा सकारात्मक असर पार्ने विश्वास गरिएको छ । कविर बाल वात्सल्य आश्रममा हाल करिब डेढ दर्जन बालबालिका आश्रित छन् । उनीहरुको आवास, पोषण र शिक्षा व्यवस्थापन स्वयं आश्रमले गर्दै आएको छ । कार्यक्रमको उद्देश्य विद्यार्थीहरूमा सेवा भावना र मानवीय संवेदना विकास गर्नु रहेको आयोजकले जनाएको छ । 'यदि शिक्षा सँगसँगै सामाजिक उत्तरदायित्व र मानवीयता पनि सिकाइयो भने त्यो जीवन उपयोगी बन्न सक्छ,' पण्डितले भने ।

सम्पादकीय

# सार्वजनिक सुनुवाइमा पनि घोटाला ?

*स्थानीय सरकार, सरकारी कार्यालयहरुले गरेको कामबारे जनतामा अनुमोदन गर्न एउटा कार्यक्रम गरिन्छ, त्यसको शुभनाम हो सार्वजनिक सुनुवाई । जनताले सरकारले र संस्थानले गरेका वर्षभरको कामबारे खुलेर प्रश्न गर्न पाउँछन् । हो, यो वर्षमा एकपटक असारे झरी शुरु भएपछि, अब त मान्छे खेतिपातीमा व्यस्त हुने भए भन्ने परेपछि अनि अरु भातभत्ताको कार्यक्रम सकेपछि फुर्सदमा यस्तो कार्यक्रम गरिन्छ र सार्वजनिक सुनुवाइ भएको भनेर औपचारिकता पूरा गरिन्छ । बोल्नै परे राम्रो काम भएको भन्नेहरु तयार पारिन्छ । सरकारी कर्मचारीहरु मात्रै राखेर पनि कार्यक्रम गरिन्छ । यसरी सार्वजनिक सुनुवाईकै पनि हुर्मत लिन सेता प्लेटधारीहरुले बाँकी राखेका छैनन्।*

*यस्तै समाचार आएको छ पर्साको सखुवाप्रसौनीबाट । सखुवाप्रसौनी गाउँपालिकाले शुक्रबार साँझ पारेर गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमबारे सूचना प्रकाशनमा स्थानीयले आलोचना गरेका छन् । शनिबार १० बजे बिहान विद्यालय पर्खालभित्र यस्तो कार्यक्रम राखिएको थियो । २४ घण्टा पनि सूचनाको म्याद नराखेर गरिएको कार्यक्रम मन परेकालाई बजेट दिन र औपचारिकता पूरा गर्न केन्द्रित भएको भन्नेमा शंका भए । शनिबार बिहान ११ बजेसम्म कार्यक्रम शुरु हुन सकेन । ढिलोगरी ३०–३५ जना जनप्रतिनिधि, कर्मचारी र आफन्तहरु सहभागीमा कार्यक्रम भएपछि स्थानीयले विरोध गरेका थिए।*

*विरोध, नाराबाजी र प्रतिकारमा नेकपा माओवादी केन्द्र पर्साका नेता तथा प्रदेश सभा सदस्य प्रत्यासी शिवकुमार साह तेली आफैँ उत्रिएका थिए । कार्यक्रमको शुरुवाती चरणमा बिरोध गर्न गएका तेली नेतृत्व समूह र गाउँपालिका अध्यक्ष जसवन्त यादवबीच घम्साघम्सी, भनाभन र नाराबाजी भएको थियो । केहीबेरमै इलाका प्रहरी पटेर्वा सुगौली र इलाका प्रहरी एकटड्गाबाट आएको प्रहरीले स्थिति नियन्त्रणमा लिई केहीबेर कार्यक्रम स्थगित भएको थियो । जनप्रतिनिधि र कर्मचारीले अख्तियार दुरुपयोग गरेर, बिधिको शासनको खिल्ली उडाएर परदार्शिता, जवाफदेहिताका नाममा बदमासी गरेको भन्दै विरोध भएको हो । ७ दिन पहिला सूचना प्रवाह गर्नु पर्ने, हरेक वडा, गाउँ, बस्ती र सरोकारवाला निकायमा सूचना प्रवाह गरी सहभागिता गराउनु पर्ने पूर्व वडा सदस्य प्रदीप चौधरीले बताए । गाउँपालिका अध्यक्ष यादव एमाले पार्टीबाट निर्वाचित भए पनि उनकै पार्टीका नेता कार्यकर्तासमेत कार्यक्रममा थिएनन्।*

*चोर बाटोबाट सार्वजनिक सुनुवाइ गर्न खोजिएको भन्दै विरोध गरिएको स्थानीय युवा नेता सुधीर दास थारुले बताए। विरोध कार्यक्रममा नेपाली काङ्ग्रेसका युवा नेता शशीकान्त भैया थारु, जनमत पार्टीका शम्भु यादव (जय भोले), स्थानीय अभिनास महतो थारु, रामकरण दास, रामबाबु महतो, बलिराम महतो, नित्यानन्द महतो, बिनोद चौधरी, राजकुमार चौधरी, कपिलदेव चौधरी, हरि साह कानुलगायत दर्जनौँ युवाको सहभागिता थियो । यसरी सार्वजनिक सुनुवाइमा समेत बदमासी भएपछि सबै विरोधमा उत्रिएका हुन्।*

# योग, ज्ञान र निरोगी नेपाल



केपी शर्मा ओली




जुन २१ तारिख अथवा वर्ष भरिको सबैभन्दा लामो दिन । आज योग प्रारम्भ गरिएको दिन । हजारौं वर्षअघि, धेरै वर्ष अघि, धेरै हजार वर्ष अघि शिवले आफ्ना सप्तऋषि भनिने शिष्यहरुलाई अगाडि राखेर पहिलो योग शिक्षा प्रदान गर्नुभएको दिन, उत्तरायनबाट सूर्य दक्षिणयान लाग्ने दिन योग प्रारम्भ भएको शास्त्रअनुसार मानिन्छ । त्यसै दिनलाई संयुक्त राष्ट्रसङ्घले विश्व योग दिवसका रुपमा मानेको छ । यस दिवसको सन्दर्भमा म सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

अर्थात्, योग मानव जातिको कल्याणका लागि, मानिसको शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र मानिसको मानवीय प्रवृत्ति अर्थात् सामाजिकपन, सामाजिक प्रवृत्तिको विकास र त्यसको कार्यान्वयनका लागि योग सिर्जना र विकास हुँदै आएको छ ।

बीचमा योग अलिकति लुप्त भयो । आज योग अलिकति भड्किन पनि खोजेको छ । योगबाट योगातिर जान खोजेको छ । योगा होइन, योग हो । योगाको कुनै अर्थ हुँदैन, योगको अर्थ हुन्छ । दीपक नाम मैले भन्दा बत्ति हुन्छ, ज्योति हुन्छ, उज्यालो हुन्छ, अनेक होला तर बिगारेर अर्को नाम राखें भने त्यसको अर्थ हुँदैन । त्यस्तै योगलाई योगा बनाउनु हुँदैन ।योग हो ।

योग पहिलो शिवबाट उत्पत्ति भएको थियो अर्थात् यस धर्तीमा योग उत्पत्ति भएको थियो । यहाँका पूर्खाहरुबाट, यहाँका अग्रजबाट भएको हो । हामी पूर्खालाई भगवान भन्छौं । हामी भगवान दुईवटा चिजलाई मान्छौं । एउटा पूर्खाहरुलाई मान्छौं, शिव, दुर्गा, मातादेवी, देवता, विष्णु, ब्रह्मा जेसुकै भन्नुस्, जति देवताको नाम लिइन्छ, ती सबै पूर्खा हुन् । पूर्खालाई हामी देवतुल्य मान्छौं र देवता भन्छौं । अर्को हामी प्रकृतिलाई देवता मान्छौं । अघि यहाँ गायत्री संस्थाले गायत्री वाचन भनिरहेको थियो–सूर्य देवता, चन्द्र देवता, वरुण, मरुता देवता आदि अथवा पानी पनि देवता हो, जसले हाम्रो जीवन चलाएको छ । मरुता अर्थात् हावा जसले अक्सिजन दिएर हामीलाई बचाएको छ । जीवनका लागि सबैभन्दा महत्वपूर्ण हावा छ, अक्सिजन छ । जुन बिना हामी दुई तीन मिनेटभन्दा बढी बाँच्न सक्दैनौं । त्यस्तो अक्सिजन, त्यो हाम्रा लागि भगवान हो, हाम्रा लागि जीवनदायीनी हो । त्यसकारण हामी गर्भमा हुँदा पनि अक्सिजनबाट बाँचेका हुन्छौं र जन्मपश्चात् पनि अक्सिजनबाट बाँचेका हुन्छौं । जीवनभरी अक्सिजनबाट बाँचेका हुन्छौं । त्यो सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसकारण वायु जो देखिंदैन, वायुमा धुलो उड्यो भने धुलो देखिन्छ तर वायु देखिंदैन । वायु अदृश्य छ । त्यो वायु पनि देवता हो भनेर अघि भर्खर मन्त्र उच्चारण गर्नुभयो । अर्थात् हाम्रा पूर्वजहरु धेरै ज्ञानी थिए, विश्व शान्ति भने, वनस्पतय शान्ति भने, आकाश शान्ति भने, पृथ्वी शान्ति भने सबैतिर शान्ति भने । आज आकाश शान्तिको कति अर्थ र महत्व रहेछ, पृथ्वी शान्तिको कति महत्व रहेछ, त्यो हामी बुझ्दै छौं । धेरै सोचेर, चिन्तन गरेर निष्कर्षहरु निकालेर, अनुभूतिहरुलाई ज्ञानमा परिणत गरेर, ज्ञानहरु संग्रह गर्दै ज्ञानलाई व्यवहारमा हेर्दै, अनुभूतिलाई अनुभवमा बदलेर, अनुभवहरुलाई संहग्र गर्दै ज्ञानमा बदलेर, ज्ञानलाई प्रयोगहरुमार्फत् तिनलाई सिद्धान्त र सूत्र बनाएर अगाडि बढ्ने कामहरु भइरहेको छ ।

यसै सन्दर्भमा आज हामी जुन अष्टाङ्ग योगका चर्चा गर्छौं, म त्यसको अलिकति मात्रै चर्चा गर्न चाहन्छु ।

पहिले योगको प्रारम्भ भयो शिवबाट । त्यसकारण शिवलाई आदियोगी भनिन्छ । त्यसपछि विश्वामित्रको समय आयो र विश्वामित्रले योग विकास गर्नुभयो । विश्वामित्रले योग मात्रै विकास गर्नु भएन, विश्वामित्रका सुपुत्र सुश्रुतले लगभग तीन हजार वर्ष अगाडि सर्जरी विद्याको विकास गर्नुभयो । त्योभन्दा अगाडि चरकले जसरी आयुर्वेदको विकास गर्नुभयो, यी सबै योगबाट प्रारम्भ भएका छन् । विश्वामित्रका पिताजीले आफ्ना नाती चरकलाई सर्जन डाक्टर बनाउनुभयो । अहिले पनि संग्रालयहरुमा चरकले चलाएका सर्जरीका उपकरणहरु अहिलेसम्म पाइन्छ । चरकसंहिता लिखित रुपमा पाइन्छ । जो, तीन हजार वर्ष लगभग अगाडि हो । जति बेला अक्षरहरु दुनियाँमा आए । अक्षरहरु आएपछि ३२ सय वर्षको आसपासका बेला अथवा महाभारत युद्धको लगत्तैपछि जसको समयमा हुनुपर्छ, अक्षरहरु आएपछि त्यसैबेला वेदव्यासले श्रुति र स्मृतिमा रहेको वेदलाई अपौरुषीय अथवा मानवद्वारा निर्मित वेद होइन भनिएको हो । किनभने कोही रचनाकार थाहा छैन, अज्ञात रचनाकार, यो परम्परा हुँदै आयो, कसले बनायो भन्ने थाहा छैन । त्यसो भएको हुनाले यसलाई अपौरुषीय समेत भनियो । अथवा मानव निर्मित होइन, देव निर्मित भनियो भन्ने भनाइ छ । वेदलाई वेदव्यास भनिन्छ, किनभने उनले लिपि सिकेर लिपिमा वेदलाई उतारेपछि यो मानवीय अथवा मानव भयो । वेदव्यासको आलोचना पनि भयो, विरोध पनि भयो । यो अलौकिक मानवताभन्दा बाहिरको, मानव सिर्जितभन्दा बाहिरको अपौरुषीय चिजलाई पौरुषीय अथवा मानवको सिर्जना, यो असिर्जनीय चिजलाई सिर्जनामा परिणत गराए र यो पाप कर्म गरे यिनले भन्ने खालका धर्मान्धहरुले भने ।

जनकको समयमा वेदको गार्गी, मैत्री आदि ऋषिमुनि, विदुषीहरुले तयार गर्दा ती लिपिमा तयार गरिएको थिएन, वाणीमा तयार गरिएको थियो, मनमनै रचना गरेर प्रस्तुत गरिएको थियो । त्यो श्रुतिबाट स्मृतिमा रहेको थियो । स्मृतिबाट फेरि प्रवचनमा गएर फेरि श्रुतिमा जान्थ्यो ।यो सिलसिलाबाट आयो।

विश्वामित्रको समय एउटा चमत्कारको समय थियो, योग विज्ञानको सन्दर्भमा र अरु विभिन्न विज्ञानको सन्दर्भमा। हामी सबैलाई थाहा छ, विश्वामित्र सत्ययुग र त्रेतायुगको बीचको समयको अथवा संक्रमणकालीन समयको हुनुहुन्थ्यो । विश्वामित्रले राम–लक्ष्मणलाई शिक्षादीक्षा दिनुभएको थियो । राम–लक्ष्मण त्रेतायुगको हुनुहुन्थ्यो । दशरथ र पर्शुरामहरु सत्ययुगका हुनुहुन्थ्यो । रामले धनुष भंग गरेपछि पर्शुरामले आएर राम–लक्ष्मणसँगको विवाद गर्दा राममाथि भुलवस बञ्चरो प्रहार गर्न खोज्दा बञ्चरो उठेन, प्रहार हुन सकेन । फेरि कोसिस गर्दा झन् कमजोर भए । कतिपय कुराहरु मिथमा आधारित हुन सक्दछ । मिथ भए पनि हाम्रा शास्त्रका (तथ्य प्रमाणित भनौं) विज्ञान प्रमाणित होइन । उनले बचपनमा वा सानैमा आपूmलाई कुनै भविष्यवाणी भएको थियो, तिमी सत्ययुगको अन्तिम प्रतिनिधि पात्र हौ र सत्ययुग त्यतिबेला समाप्त हुनेछ, जतिबेला तिमीले तिम्रो अगाडि एउटा यस्तो व्यक्ति भेट्नेछौं, जसमाथि तिमीले भुलवस प्रहार गर्न खोज्ने छौं । तिम्रो अहंकार त्यहीँ समाप्त हुनेछ । तिम्रो तागत समाप्त हुनेछ । पहिलो कुरा, त्यो व्यक्तिलाई भेट्ने बित्तिकै तिम्रो आधा शक्ति उसमा गइहाल्छ । उसमाथि भुलबस प्रहार गर्न खोज्दा अर्को शक्ति आधा फेरि जान्छ । फेरि आक्रोशित भएर तिमीले प्रहार गर्न खोज्दा तिम्रो फेरि आधा शक्ति गएपछि तिमीसँग एकदमै थोरै शक्ति मात्रै बाँकी रहन्छ । र ऊ जो व्यक्ति ऊ आफैँ एउटा अवतार हो र उसँग असाधारण शक्ति हुन्छ । त्यसमाथि पहिलो देख्ने बित्तिकै तिम्रो आधा शक्ति उसमा सरेपछि असाधारण शक्तिवान् हुन्छ । अर्को पल्ट फेरि आधा बाँकी रहेको आधा सरेपछि र फेरि अर्को प्रहार गर्न खोज्दा आधा शक्ति सरेपछि तिम्रो शक्ति समाप्त हुन्छ, बुझ्नु । अब तिम्रो युग समाप्त भयो अर्थात् सत्ययुग समाप्त भयो र त्रेतायुग प्रारम्भ भयो । यसरी पर्शुराम र रामको भेट एउटा संयोगले हुन्छ, धनुष भंगको प्रसङ्गले हुन्छ, राम–सीता विवाहको प्रसङ्गमा हुन्छ र त्यसै प्रसङबाट पर्शुराम र रामको भेटबाट नै शिवको धनु अथवा यहाँनेरी शिवको प्रसङ्ग आउँछ । अघि मैले भनेँ, शिवले योगको प्रारम्भ गर्नुभएको थियो भनेर । शिवले राखेको धनु जनकपुरमा राजा जनकको दरबारमा छँदै थियो, जसलाई सीताले खेलाउने गर्थिन् । त्यही धनुको ताँदो चढाउन खोज्दा भाँचियो । यसरी सुरु भयो राम पर्शुराम मिलापको प्रसङ्ग । त्यही मिलापबाट पर्शुरामले थाहा पाए कि अब मेरो युग समाप्त भयो । अब रामको युग प्रारम्भ भयो । यही संक्रमणकालीन युगमा, जस्तोमा हाम्रो तानाशाहीबाट गणतन्त्र, लोकतन्त्रमा आयो, राजतन्त्रबाट गणतन्त्रमा आयो । यो संक्रमणकालीन युग हो । कसैलाई मन पर्ला, कसैलाई नपर्ला । पर्शुरामलाई पनि मन परेको थिएन आफ्नो युग समाप्त भएको तर के गर्ने ! युग समाप्त, युग समाप्त हो। आफ्नो युग समाप्त भएपछि त्यो युग समाप्त भयो। अर्को मन पर्नु नपर्नुको केही पनि अर्थ छैन । यो यति बलवान हुन्छ समय कि, त्यो परिवर्तन भयो भयो।

बिमारी भएपछि म आफैँ पनि ध्यान गर्छु । तर जेलमा हुँदा मलाई के के यातना, कस्तो थियो, त्यो त्यतापट्टि जान चाहन्नँ । जेलमा हुँदा मलाई उपचार उपलब्ध थिएन । पेनकिलर जम्माजम्मी दिइन्थ्यो । लगातार मलाई पेप्टिक अल्सर भएको थियो । डिउडेनिम अल्सर भएको थियो । त्यो अल्सरले घाउ भएको थियो पेटमा र त्यसमा भतभत पोल्थ्यो र सहन नसक्ने अवस्था बन्थ्यो । कहिले कहिले धेरै ब्लड जान्थ्यो मुखबाट । अनि ट्युबरक्लुसिस त्यसमाथि थपियो (टिभी) । म एकदम सिठ्ठा थिएँ, एकपल्ट अलिक ठिक भएपछि नापिहेरेको तौल ३७ केजी रहेछु । त्यस अवस्थामा पेनकिलर मात्र दिइन्थ्यो । पेन किलर औषधि होइन । सोझै प्रत्यक्ष पेनकिलर हो, त्यसपछि किड्नी किलर हो, अरुथोक किलर हो, स्वास्थ्य किलर हो, अनेक चिज किलर हो । औषधि होइन पेन किलर । अब त्यही मात्र मलाई दिन्थ्यो । त्यतिबेरै मरिहालियो भने त के गर्ने पछि उपचार पनि गर्न पाइँदैन । अहिले बाँचियो भने जे जे फेल भए पनि पछि ठिकठाक गरौला भन्ने हुन्थ्यो । नभन्दै किड्नी फेल भयो । बाहिर आएपछि किड्नी फेल भयो । बाहिर आएर जाँच्ने बित्तिकै मेरो किड्नी फेल हुनेतिर बाटो लाग्न थालिसकेको थियो । मैले रोक्न खोजेँ र जोगाउन खोजेँ तर त्यो जबरजस्त आक्रमणमा परिसकेको थियो पेनकिलर । त्यसको आक्रमणमा परिसकेको थियो । त्यसकारण त्यो फर्किन सक्ने अवस्थामा थिएन । त्यसले विनम्र अनुरोधका साथ भन्यो किड्नीले प्लिज म अब रहन टिक्न सक्दिनँ, मेरो समय गयो, मलाई जान दिनुस् । अरु केही उपाय छ, गर्नुस् । होइन भने म सँगै तपाईं पनि हिंड्नुस् । अनि मैले अरु उपायहरु खोजें, अप्रेसन गरेँ । अप्रेसन त्यस अवस्थामा गर्नै पऱ्यो । त्यहाँनिर ध्यानले हुँदैन ।

त्रेतायुग र द्वापरयुगको बिचमा फेरि कपिलमुनिले योगलाई अगाडि बढाउनुभयो । उहाँले सांख्य दर्शन प्रतिपादन गर्नुभयो । योगको निरन्तरता त्यसरी आयो । त्यसपछि इसापूर्व २ सयदेखि इसाको २ सयसम्म अथवा यो ४ वर्षको बिचमा पतञ्जलि भन्ने एकजना व्यक्ति निक्लिनुभयो । उहाँको जन्मस्थान कहाँ भन्दा मान्छेहरुले व्याख्याहरु अनौठो अनौठो गर्छन् । म त्यसमा भ्रम पर्नु हुँदैन भन्छु । कसको जन्मस्थान कहाँ फेरि मान्छेहरुलाई रिस उठ्छ । शिव यहीँका थिए भन्ने कुरामा पनि कुनै दुविधा छ र ? बृहस्पति चतराका थिए भन्ने कुरामा कुनै दुविधा छ र ? चतराबाट कोशी नदी पार गरेर पश्चिमतिर आएर राम–लक्ष्मणलाई शिक्षादीक्षा दिएका थिए । त्यो शास्त्रमा भनेको छ, मैले भनको त होइन । वेदव्यास तनहुँमा जन्मेका थिए, शास्त्रले भन्छ । महाकालीको किनारमा तप गरेका थिए, शास्त्रले भन्छ । व्याकरणका महान् व्याकरणाचार्य पाणिनि अर्घाखाँचीका थिए, शास्त्रले भन्छ, मैले भनेको होइन । अर्घाखाँचीमा पणेना गाउँ त्यहाँ छँदैछ, अस्ति भर्खर हामीले पाणिनि सम्मेलन मनायौं । त्यहाँ एउटा के देखाए भने, पाकिस्तानमा जन्मिएका ऋषि पाणिनि अर्घाखाँची आए रे तर त्यस्तो कुरा होइन । अर्घाखाँचीमा जन्मिएका, अर्घाखाँचीमा हुर्किएका, अर्घाखाँचीमा शिक्षादीक्षा आर्जन गरेका त्यस्ता विद्वान हुन् पाणिनि ।

विश्वामित्रले शिक्षादीक्षा दिंदा अथवा सुश्रुतले सर्जरी विकास गर्दा अथवा चरकले आयुर्वेद विज्ञान विकास गर्दा, आरोग्य विज्ञान विकास गर्दा विश्वको पहिलो विश्वविद्यालय खुलेको थिएन । त्यसो भएर यो यहीँका व्यक्तिहरुबाट सुरु भएको हो । तर यो विश्व कल्याणका लागि, समग्र मानव जातिका लागि कल्याण भएको हो । यसको भूगोलको सीमासँग सम्बन्ध छैन, यो विश्वव्यापी छ । यो कुनै सम्प्रदायसँग सम्बन्धित छैन, यो विश्वव्यापी छ । यसरी पतञ्जलि अर्को एउटा विद्वान अर्घाखाँचीमै जन्मनुभयो र अष्टाङ्ग योगको विकास गर्नुभयो । योगलाई पतञ्जलीले सूत्रीकृत

बाँकी पृष्ठ ५ मा

# योग, ज्ञान र निरोगी...



गर्नुभएको छ । यहाँ महत्वपूर्ण कुरा के छ भने, उहाँले योगलाई चार भागमा बाँढ्नुभएको छ । चार पाद भन्नुभएको छ । पाद भनेको पाउ हो । त्यो चार भागको पहिलो भागमा ५६ सूत्रहरु छन् । दोस्रो भागमा ५१ सूत्रहरु छन् । तेस्रो भागमा ३३ सूत्रहरु छन् । चौथो भागमा ३४ सूत्रहरु छन् । यसरी पतञ्जलि योगको चार पाद, चार भाग छ । यी अष्टाङ्ग योगका आठवटा (अष्टाङ्ग) सूत्रहरु दोस्रो भागमा पर्दछन् । यसलाई धेरै महत्व दिएको छ, जीवनका लागि र समाजका लागि । अघि डाक्टरले भन्नुभयो, यो ऋषिमुनिका समयको वा ऋषि मुनिका तरिकाका कुराहरु दैनिक जीवनमा धेरै काम लाग्दैन । हामीले योगलाई दैनिक जीवन, हाम्रो जीवनचर्या बनाउनुपर्दछ ।

हामी कोही ऋषिमुनि बनाउन, तपस्वी बनाउन मान्छेहरुलाई खोजिराखेका छैनौं । मान्छेहरुलाई योग गुरु बनाउन खोजिराखेका छौं, हरेकलाई योगी बनाउन खोजिराखेका छौं । त्यसमध्येबाट केही योग गुरु हुनुहोला, केही योग गुरुमा विकास हुनुहोला तर हामीले कमाउनु पनि पर्छ आजको समयमा । फेरि कमाउनु सुख भोग आदि इत्यादि फेरि ऋषिमुनिका भाषणले काम गर्दैन । खानु त पर्छ नै । आरोग्यका कुरा गर्दा, स्वास्थ्यका कुरा गर्दा तीनटा कुरामा ध्यान दिनु पर्दछ । पहिलो कुराः खाना हो । जसलाई हामी आहार भन्छौं । दोस्रो योग, विहार, व्यायाम काम हामी जे नाम दिउँ । तेस्रो आराम गर्नुपर्दछ । खाना, काम र आराम तीनवटा चिजको सन्तुलन । सन्तुलित भोजन, राम्रो भोजन, स्वस्थ भोजन, विषादीरहित भोजनमा हामीले ध्यान दिनुपर्दछ, खासगरी योगीहरुले । किनभने सन्तुलित शुद्ध पेट भर्नका लागि होइन, स्वास्थ्यका लागि खाने हो भन्ने कुरा हरेकले बुझ्नुपर्दछ, स्वास्थ्यका लागि खाने । त्यसकारण विषादीयुक्त खाना होइन, विषादी नभएको स्वस्थ र शुद्ध खाना, अर्गानिक त्यस्तो खाना हामीले खानु पर्दछ । ठिक्क खानु पर्दछ । खाना हुने खालको सुखाद्य खानुपर्दछ । खाना नहुने खालको खाने कुराले स्वास्थ्यलाई बिर्गाछ । त्यसकारण तीनटा चिजको सन्तुलन हुनुपर्दछ । सबै योगीहरुले बुझ्नुपर्ने कुरा के छ भने, आहार, विहार र आराम यी चिजहरुको सन्तुलन राम्ररी मिलाउनु पर्दछ ।

अष्टाङ्ग भनेको धेरै महत्वपूर्ण छ, त्यसको निचोड निकालेर आठवटा सूत्रहरुलाई, पहिलो सूत्र त नेपाललाई अहिले सबैभन्दा चाहिएको सूत्र त पहिलो सूत्र छ, जहाँबाट १९४ वटा सूत्र सुरु हुन्छ । पहिलो सूत्र अर्धवाक्य छ । अर्धवाक्य भनेको, अथः योगानुशासनम् । अब योग अनुशासन प्रारम्भ हुन्छ । योग बन्ने बित्तिकै अनुशासनको कुरा आउँछ । आज नेपाली समाज पीडित केमा छ भने अनुशासनको समस्या हो, अनुशासनहीनता । अनुशासन योगको पहिलो सूत्र हो । अनुशासनमा बस्न सकिएन भने ज्ञानले र ध्यानले केहीले पनि हुँदैन । ध्यानको पनि अनुशासन हुन्छ नि, ध्यान गर्दै छ कपाल चलाएको छ, चलेको छ, यता पनि हेर्दै छ, उता पनि हेर्दै छ, त्यो अनुशासनमै बसेन भने ध्यान कसरी हुन्छ ? ध्यानको आफ्नै पनि अनुशासन हुन्छ । हरेक चिजको अनुशासन हुन्छ । समाजका अनुशासन हुन्छ । यसरी अष्टाङ्ग योगलाई आठ भागमा र आठ वटा सूत्र छन् । त्यो सूत्रमध्ये यम एउटा, नियम अर्को र नियम समाजसँग, व्यक्तिसँग सम्बन्धित छ तर समाजसँग त्यो सोझै सम्बन्धित के हुन्छ भने यमले पाँच वटा सूत्र भन्छ, पहिलो सूत्र भन्छ अहिंसा । आज विश्वलाई शान्ति चाहिएको छ । हिंसा होइन, अहिंसा चाहिएको छ । हाम्रा पूर्खाहरुले उहिलेदेखि भन्ने गर्दथे, ॐ शान्ति शान्ति शान्ति कति महत्वपूर्ण छ आज पनि । यही यम र नियम मात्रै बुझिदिए हतियारधारीहरुले भने, अहंकारधारीहरुले भने, हतियार मात्रै केही खतरा होइन । हतियार आफैँ पड्किंदैन, बन्दुक आफैँ पनि पड्किंदैन । त्यसमा गोली हुन्छ, जो बहुत खतरनाक हुन्छ । मान्छेको अहंकार जो हो, त्यसले गर्दा हतियार बनाउँछ, हतियार चलाउँछ, विनाश गर्छ, विनाशमा रमाउँछ, विनाशमा थप अहंकार पैदा गर्छ र अहंकारी हुन्छ । त्यसकारण हिंसा होइन, अहिंसा । अष्टाङ्ग योगको पहिलो हामीले जान्नै पर्ने र हाम्रो व्यवहारमा लागु गर्नुपर्ने कुरा के हो भने अहिंसा । दोस्रो यम मध्ये दोस्रो सत्य । सत्य व्यवहार गर, असत्य नगर । यो दुनियाँ तपाई हामी सबै सत्यमा चल्यौ भने, असत्य अपनाएनौं भने सुन्दर हुँदैन र ? नचाहिने, आपूmलाई आवश्यकता नभएका कुराहरुमा लोभ नगर, अनुशासनमा बस, ब्रह्मचार्यधारण गर, यिनै कुराहरु भनिएको छ । नियममा भनिएको छ, आपूmलाई स्वस्थ राख शौच पहिलो सूत्र । आपूmलाई स्वस्थ राख, शारीरिक हिसाबले स्वच्छ राख, मानसिक हिसाबले स्वच्छ राख, स्वच्छ मन राख । अघि डाक्टरले भन्नुभयो खुशी, स्वच्छ मनले खुशी पलाउँछ । म आफ्नो अनुभव भन्छु, म देशका लागि काम गर्छु, जनताका लागि काम गर्छु, सुशासनका लागि काम गर्छु, विकासका लागि काम गर्छु, मौका पाएका बेला सुशासन विकासका लागि, देशका लागि काम गर्छु, नपाएका बेला पवित्र मनका साथ बस्छु, पवित्र चाहनाका साथ बस्छु, पवित्र भावनाका साथ बस्छु । त्यसकारण म कसैप्रति कुनै वैरभाव केही पनि राख्दिनँ । सधै प्रसन्न चित्त हुन्छु । मलाई गाली गरिराखेका हुन्छन् । मिसन छ गाली गर्ने, त्यो कुरा म बुझ्छु । माया लाग्छ गाली गर्नेहरुप्रति ! तर म प्रसन्न रहन्छु, किनभने मैले उसलाई बुझाउन सकिनँ, त्यति मात्रै कुरा हो । मेरो बुत्ताभन्दा सायद बाहिरको कुरा हो । म कतिलाई बुझाउन सक्छु, कतिलाई सम्झाउन सक्छु, कतिलाई भेट्न सक्छु, सबैलाई बुझाउन सक्दिनँ । यदि योगको संगतमा आए भने, तपाईंहरुको संगतमा आए भने ती मान्छेहरु पनि मान्छे हुन्छन् । तपाईंहरु कसैलाई मुख छाड्दै हिंड्नु भएको छ, गाली गर्दै हिंड्नु भएको छ ? हिंड्नु हुन्न, किनभने तपाईंहरु योग गर्नुहुन्छ, ध्यान गर्नुहुन्छ, प्राणायाम गर्नुहुन्छ । योग भनेको के हो चित्तानुशासनम् । चित्तलाई एक ठाउँ लाग्ने, चित्ताग्रह, एक ठाउँमा चित्तलाई स्थिर बनाउने, चित्तस्थिर गर्ने कुरा हो, मनलाई स्थिर गर्ने कुरा हो । पतञ्जली भन्छन, योग भनेको मनलाई स्थिर गर्ने कुरा अथवा स्थिरता नै योग हो भन्छन । स्थिरता भनेको नचल्ने, अचल भन्ने होइन तर राम्रा कुराहरुमा गएर स्थिर हुन्छ । हरेक भड्किएको मनलाई हामी राम्रा कुरामा ल्याएर स्थिर गर्छौं । डाक्टरहरु ल्याबमा पठाउनुहुन्छ खकार, थुक, रगत अरु विभिन्न जिच पठाउनु हुन्छ । ल्याबमा पठाउनुहुन्छ र त्यहाँबाट हेर्नुहुन्छ, एक्सरेमा पठाउनु हुन्छ, त्यहाँबाट हेर्नुहुन्छ, एमआरआई गर्नुहुन्छ, सिटीस्क्यान गर्नुहुन्छ, यो गर्नुहुन्छ, त्यो गर्नुहुन्छ, सबै गर्नुहुन्छ र हेर्नुहुन्छ अनि निष्कर्षमा पुग्नुहुन्छ । त्यो हो स्थिर । यो भएको रहेछ, स्थिर त्यहाँ पुगेपछि तपाईंको निष्कर्ष पुग्यो । हो त्यो स्थिरताबाट अब तपाईंले ट्रिटमेन्ट सुरु गर्नुहुन्छ, किनभने तपाईंले निदान गर्नुभयो रोगको अथवा रोगको पहिचान गर्नुभयो अथवा डाइग्नोसिस गर्नुभयो । त्यो डाइग्नोसिसपछि अब उपचारको फेजमा तपाई जानुहुन्छ । हामीलाई डाक्टर चाहिन्छ, अस्पताल चाहिन्छ तर अहिले सरकारले लिएको नीति निरोगी नेपालको हो ।

म अरु धेरै लामो कुराहरु म भन्दिनँ, त्यो अष्टाङ्गको पनि मैले भन्न भ्याइनँ, यम, नियम, आसन, प्राणायाम आदि गर्दै सबै आठवटा ध्यान, धारणा र अन्तिममा समाधि धारणा, ध्यान समाधि गरेर हामी आठ योग बन्छौं । र यिनका विभिन्न खण्ड छन्, विभिन्न विभिन्नसँग जोडिएका छन् । कोही एक्लै छ, कोही एउटासँग, फेरि अर्कोसँग, अर्को ब्लकमा गएर पनि जोडिन्छ । फेरि अर्को ब्लकमा गएर जोडिन्छ, कोही मनसँग, कोही ध्यानसँग जोडिन्छ । धारणा ध्यान समाधि तीनवटै फेरि ध्यानसँग जोडिन्छ । ध्यान लाग्यो कि लागेन भन्ने कुरा हुन्छ उहाँहरुको । ध्यान लाग्यो कि लागेन अचम्मको कुरा छ, ध्यान लाग्यो लागेन भन्ने कुरा । ध्यान लाग्छ, कति बेला कसैलाई लाग्दैन । ध्यान लागेन, निकै बेर लाग्यो ध्यान लाग्न, बल्ल ध्यान लाग्यो । लाग्नेले मात्र बुझ्छ कति बेला ध्यान मलाई लाग्यो ! नलाग्नेले त्यो ध्यान बुझ्दैन, लाग्यो कि लागेन ।

अब त्यसका विभिन्न पक्षहरु छन् । यी पक्ष कोही कोही रमाइला रमाइला पनि हुन्छ । यी चिजहरु उहाँहरुले किन गर्न खोज्नुभयो भने यो ब्रह्माण्ड, यहाँ ध्वनि, यहाँ ध्वनिको शक्ति अथवा कसरी ग्रह नक्षत्रहरु ब्रमाण्डमा गनेर साध्य छैन, भनेर साध्य छैन, त्यति सौर्यमण्डलहरु छन् त्यति ग्यालेक्सीहरु छन् र यो अनन्त कस्मिक छ, कस्मिक भत्किदो छ, बिग्रिदो छ, बन्दो छ, यो दुनियाँ अनौठो छ । सबै क्वान्टमहरुको खेल छ । अरु परमाणुहरुभन्दा पनि मसिना मसिना तत्वहरुको खेल छ । यही कुरालाई हेरेर हाम्रा पूर्वजहरुले, ऋषि मुनिहरुले योग सिर्जना गर्नुभयो ।

योगका यदि यम, नियम मानिंदैन भने जति आसन गर्नुस्, जति प्राणायाम गर्नुस् आफ्ना निम्ति त होला तर समाजका निम्ति हुँदैन । तपाईंको समाजमा व्यक्तित्व बन्दैन, किनभने भने ध्यानले मात्रै पुग्दैन । तपाई कर्मशील, कर्मवीर, कर्मठ र कर्मयोग बिना हामीले ध्यानै मात्रै ग¥यौं भने, प्राणायाम गरेको छ, गरेको छ, छिट्टै पुगिहाल्छ माथि ! यो लोक बन्दैन फेरि परलोक बन्छ । योगको सम्बन्ध परलोकसँग होइन, यस लोकसँग छ सम्बन्धित छ, मानव जातिसँग छ । योगको सम्बन्ध इजरायल र इरानका बिचको अहिले चलिरहेको द्वन्द्व अन्त्य होस् भन्ने कुरासँग सम्बन्ध छ र दुनियाँमा फेरि शान्ति स्थापना होस्, युद्ध नभड्कियोस र नफैलियोस् भन्ने कामनासँग, यसको प्रयाससँग छ, यसको आवाजसँग छ सम्बन्ध । मान्छेको मारामारलाई युद्ध भनिन्छ । साँढे जुधाईलाई युद्ध भनिंदैन । मान्छे मारामार जस्तो नराम्रो कुरा के हो ? अरु केही हुन सक्छ, मान्छे मारामार ! एउटाले अर्कालाई मा¥यो ओहो ! यो भन्दा नराम्रो कुरा के हुन्छ होला ? त्यही त भइराखेको छ । त्यसमा दाउपेच भइराखेको छ, कसले धेरै मार्ने ! एउटा देशको राष्ट्रपतिलाई अर्को देशको राष्ट्रपतिले, अर्को देशको प्रधानमन्त्रीले त्यो फलानालाई मार्छु र मारेर छोड्छु ! ग्लोबल अर्डर, ग्लोबल अर्डर भनेको के हो ? यस्ता यस्ता कुराहरु आज सुन्न थालिएको छ । मैले यो पोलिटिसियनको हिसाबले भनेको होइन, एउटा योगको हिसाबले भनेको हो । यही कुरासँग योग, व्यक्तिभित्रको अशान्ति शान्त होस्, व्यक्तिभित्रको चिन्ता शान्ति होस् । व्यायाम हुनै पर्दछ, ध्यानमा मात्रै पनि भर नपर्नु होला । काम गर्नै पर्छ, तपाईंहरुको रक्तसञ्चार हुनै पर्दछ । हात पाहुहरु चल्नै पर्दछन्, तपाईंको गर्धन चल्नै पर्दछ, तपाईंको हातले केही उठाउनै पर्दछ, तपाईंका मसल चुस्तदुरुस्त हुनै पर्दछ, नत्र भने मसल कमजोर हुनेछ । मसल कम्जोर भयो भने, यो हात बाँधेर राख्नुभयो भने, मेरो हात चलाउँदिन भनेर बाँधेर राख्नुभयो भने दुईतीन महिना त्यस्तै गर्नु भयो भने यो हात फुक्दैन फेरि डाक्टर चाहिन्छ । यो हात फुकाउन डाक्टर चाहिन्छ, किनभने फ्रिज भइसक्छ । अनि डाक्टरले फिजियोथेरापिस्ट कहाँ जानुस् भनेर अनि फिजियोथेरापीले गर्छ । आफैंले फिजियोथेरापी कहाँ जानु पर्ने स्थिति बनाउनु हुन्छ, आरामको जिन्दगी बाँच्न खोज्नु भयो भने । आरामको जिन्दगी होइन, सुखको जिन्दगी बाँच्नुस् । आरामको जिन्दगी होइन, स्वस्थ जिन्दगी बाँच्नुस् । आरामको जिन्दगी होइन, स्वस्थ, सुखी, मज्जाको जिन्दगी बाँच्नुस् । पसिना ननिस्किएको जिन्दगी होइन, पसिना काँढेको जिन्दगी बाँच्नुस् । हातपाउ खियाएको, हिंडेको जिन्दगी बाँच्नुस्, चलेको जिन्दगी बाँच्नुस् । त्यसकारण योगले ती कुराहरु सिकाउँछ । यदि हामी हाम्रो आचरणमा यम र नियममा ध्यान दिंदैनौ भने हुँदैन । सरकारले अहिले मात्र होइन, म प्रधानमन्त्री हुने बित्तिकै मैले निरोगी नेपाल भन्ने नारा दिएँ । निरोगी नेपालको नीतिभित्र के पर्छ भने, मानिसलाई रोगी हुन नदिने, नेपाललाई निरोगी बनाउने पहिलो कुरा आरोग्यता । निरोगी नेपाल, बिमारी हुनै नदिने, कसरी खाना, काम र आरामको सन्तुलन । सबै चिज स्वस्थ । यससँगै मनको स्वस्थता । मनको पवित्रता । यससँगै हामी सामाजिक प्राणी हौं, समाजले निर्धारण गरेका चिजहरु योगले सिकाउनु पर्दछ । योग गुरुहरुलाई म आग्रह गर्न चाहन्छु, सिकाउनु पर्दछ ब्रह्मचार्य भनिएको छ यम नियममा । तर ब्रह्मचार्य भनेको तपाईंका शारीरिक आवश्यकता पूरा नगर्नुस् भनेको होइन । थितिमा बस्नुस् भनेको हो । नियममा बस्नुस् भनेको हो । अनि सबै जोगी हुने, सबै जोगिनी हुने, कसैले बच्चा नपाउने हो भने र योग नसिक्ने हो भने, हाम्रो पालामा योग होला, त्यसपछि त बाँझै ! त्यसकारण ब्रह्मचार्य भनेको समाजले थिति दिएको छ, विधि दिएको छ, सबै जैविक र मानवीय आवश्यकता, सामाजिक स्वीकार्यताको माध्यमबाट नै पूरा हुन सक्छ । त्यसकारण सामाजिक स्वीकार्यतालाई ध्यान देउँ, सामाजिक मर्यादा राख, सामाजिक नियमहरु पालन गर र त्यसभित्र राज्यका नियमहरु भनेका समाज विकासका क्रममा हुँदै जाने हुन् । सामाजिक नियमले समाज चल्छ । सबैभन्दा बलिया हुन्छन् हाम्रा रितिथिति, चाड परम्परा । नाता सम्बन्धभित्र, रगतको नाताभित्र यौन सम्बन्ध आदि गर्नु हुँदैन, विवाह गर्नु हुँदैन भन्ने यो पछि कानुन बन्यो । कानुनभन्दा अगाडिदेखि प्रचलन थियो त हाम्रो । त्यो थिति समाजमा थियो त अथवा कानुन कहिले बन्छन्, कहिले बन्दैनन्, कहिले बनेका हुँदैनन् तर कानुनभन्दा बढी समाजले थिति बनाएको हुन्छ । त्यो सामाजिक प्रबन्धलाई मानेर अगाडि बढ् भनेर योगले भन्छ । त्यसकारण हामीले सामाजिक सुप्रबन्धका कुरा, समाजसँगको वैयक्तिक सम्बन्धका कुरा, जसबाट व्यक्ति सुखमय हुन्छ, व्यक्तिको जीवन सुखमय हुन्छ, परिवारको जीवन, सिंगै परिवार सुखमय हुन्छ, सिंगै छरछिमेक, टोल सुखमय हुन्छ, त्यसले एउटा कम्युनिटी, एउटा समुदाय, एउटा ठाउँ सुखमय हुन्छ, एउटा देश सुखमय हुन सक्छ । देश –देशहरु सुखमय भएर विश्व सुखमय हुन सक्दछ । त्यसकारण योग आवश्यक छ । योग एउटा पक्ष मात्रै होइन, योग जीवनको बहुआयामिक दृष्टिकोण हो । वैज्ञानिक दृष्टिकोण हो, जो हाम्रा पूर्खाहरुले हजारौ वर्ष अगाडि मानव कल्याणको लागि, मानव जातिको लागि र बिना विभेद, धर्मको विभेद, जातिको विभेद, भाषाको विभेद कुनै विभेद बिना, पेशाको विभेद बिना, रङको विभेद बिना, लैंगिक विभेद बिना, जातीय वा अरु कुनै प्रकारका रंगभेद बिना, पेशा व्यवसायका भेद बिना सबैको कल्याणका लागि योग हाम्रा पूर्खाहरुले धेरै अगाडि निर्माण गर्नु भएको हो ।

यसका विभिन्न शाखा छन् । म तपाईंहरुलाई के आग्रह गर्न चाहन्छु भने, यम मानिएन भने योग सुरु नै नगरे हुन्छ । यम मान्नु हुन्न, नियम मान्नु हुन्न, जिम जानुहुन्छ भने तपाईंले कसैको के भत्काउनु हुन्छ । जिम जानुहुन्छ, पाखुरा ठूलो हुन्छ । के गरुँ के गरौ भएर आउँछ, मति बुद्धि ठिकमा ल्याएको छैन, अनि के हुन्छ ? त्यसकारण मति बुद्धिसहितको मसल हुनुपर्छ । यो योगले काम गर्छ । बाटो देखाउने टर्चलाइट जस्तो, बाटो देखाउने उज्यालो, तमसोमा ज्योतिर्गमय योगले त्यो काम गर्दछ । त्यसकारण योग दैनिक जीवनमा गरौं । आज योग दिवस हो । त्यसकारण आज एकछिन् हामीले यहाँ अभ्यास गर्ने होइन, घरघरमा अभ्यास गरौं । अर्को कुरा ख्याल राखौ, कसले कुन चिज गर्नु हुन्छ, कसले कुन चिज गर्नु हुँदैन भन्ने कुरा पनि छ । कसले कुन चिज खान हुन्छ, कसैले कुन चिज खान हुँदैन, तपाईंलाई सुगर छ कि ब्लड प्रेसर छ कि फेरि सुनेका भरमा लौकाको रस भन्नुहोला । ब्लड प्रेसर डाउन भएका बेला लौकिको रस बिहानै स्वाट्ट खाँदा नराम्रो गर्ने हो कि ! डाक्टरसँग परामर्श गरेर खानु होला । यो धर्तीमा उत्तर सिरान गरेर नसुत्नु होला । किनभने हाम्रो उत्तरी ध्रुव नजिकै छ, जहाँ म्याग्नेटिक छ । उत्तरतिर सिरानी गरेर नसुत्नुस् । कहिले पनि सुत्दा सिरभन्दा माथि हात लगेर नसुत्नुस् । किनभने मुटुले हातसम्मै झड्का (ब्लड प्रेसर) फाल्छ । त्योभन्दा तल मस्तिष्क पर्छ, मस्तिष्कका साना नसाहरुमा झट्का पर्छ र आघात पर्न सक्दछ । त्यसकारण यदि उत्तर सिरानी गरेर, हात पनि टाउकाभन्दा माथि लगेर आरामले सुत्नुभयो भने बिउझिन मुस्किल छ । कहिले कहिले अहिले एकातिर म्याग्नेटले तान्छ । नर्थ पोलले, हाम्रो नजिकै नर्थ पोल छ, ध्रुवीय म्याग्नेटले तान्छ, अर्कातिर हातमाथि पु¥याउनु भएको छ, मुटुले हातको टुप्पासम्म ब्लड फ्याक्नु प¥यो, मस्तिस्कको मसिना नसाहरु बिचमा पर्छ । माथिसम्म पुग्नेगरी फ्याक्दा बढ्ता धक्का लाग्न सक्छ । मुटुलाई स्वस्थ राख्नका लागि मुभिलिटी आवश्यक छ । अंग्रेजी शब्द मुभिलिटी, मुभमेन्ट नेपाली शब्द मुटु, मुटु र मुभिलिटी मुभमेन्टको अत्यन्त अन्योयाश्रित सम्बन्ध छ । मुभमेन्ट बन्यो मुटु छ, मुभमेन्ट सिद्धियो मुटु सिद्धियो ! त्यसकारण जेल बस्ने मान्छेहरुलाई हटअट्याक त्यति हुँदैन । खान पाए पो, बोसो लागेकै हुँदैन, कहाँबाट अट्याक हुनु ! तर कमजोर हुँदै गएर हट फेल हुन्छ । मुभिलिटी भएन भने अट्याक होइन फेल हुन्छ, अट्याक पनि हुन सक्छ, किनभने त्यो बोसो काट्न पनि मुभिलिटी चाहिन्छ । हिंड्न पर्छ, उफ्रिनु पर्छ, दौड्नु पर्छ र योग चाहिन्छ । हिंड्नु पनि एउटा योग हो नत्र भने व्यायाम चाहिन्छ । यसैकारण हामीले निरोगी नेपाल भनेका हौं ।

डाक्टर चाहिन्छ । हामी डाक्टर उत्पादन गरेका गर्यै छौं । अझ धेरै डाक्टरहरु हामी उत्पादन गर्छौं । अहिले पुगेको छैन तर डाक्टर उत्पादनभन्दा बढी, डाक्टरको संख्या बढाउनेभन्दा बढी, अस्पतालको संख्या बढाउनेभन्दा बढी रोगीको संख्या घटाउने, रोगी हुनै नदिने, निरोगी बनाउनेतिर हाम्रो पहिलो ध्यान छ । त्यसकारण सरकारको स्वास्थ्य नीतिमा जोड के छ भने पहिलो कुरा मान्छेलाई रोगी हुन नदिने । रोगी भइहाल्यो, अब प्राकृतिक हिसाबले प्रेग्नेन्सीको अवस्था हुन सक्छ, गाइनोलोजिस्टलाई देखाउनु पर्छ, उपचार गर्नुपर्छ, डेलिभरीको समस्या यस्ता प्राकृतिक कुराहरुमा चाहिन्छ र कहिले कहिले स्वाभाविक रुपमा हेरिडिटिकल भन्ने रोगका कुराहरु हुन्छन, कहिले के हुन्छ, कहिले कसैमा भएका कुराहरु सरुवा रोग सरेर आइदिन्छ । यस्ता अनेक कुराले चाहिएको हुन्छ । ट्रमाका स्थितिहरु हुन्छन् । अचानक केही पर्दिन्छ । त्यस्ताका लागि डाक्टर चाहियो, अस्पताल चाहियो, चिकित्सा चाहियो । सबै उपकरण चाहिए, औषधि चाहियो, सबै चाहिन्छ । हामीले तयार राख्नुपर्छ । फेरि हामीले ध्यान गरेपछि केही पनि हुँदैन । यहाँ स्वयम्भुमा पोहोर परार भुइँचालो जाँदा अरु सबै भागेर बाहिर निस्किए । एक थरी परमपितापट्टि अत्यन्त त आस्था भएका प्रभुले बचाई हाल्नु पर्छ भन्ने, गुरुले भनेछन् बसबस केही हुँदैन, प्रभुले बचाई हाल्नु हुन्छ, प्रभु हुनुहुन्छ रक्षा गर्नुहुन्छ । हुर्र भागेर बाहिर निस्केको भए हुन्थ्यो । यस्तैमा थिए, माथि छानो थियो, भाग्न सक्थे, खुर्रर बाहिर निस्किने ठाउँ थियो । तर प्रभु हुनुहुन्छ, बस बस केही हुँदैन भनेपछि त्यही बसे, छत खसेर दुई अढाई सय स्वयभुमा बिते । भगवानले भुइँचालो जाँदा पनि कच्ची घरबाट बाहिर ननिस्कौं भनेका छन् ? त्यसकारण भगवानलाई दोष दिने होइन । बेलुका मान्छे टिल्ल जाँड खान्छ । बाटो हेर्दैन, नालीमा पछारिन्छ, खुट्टा भाँच्छ, अनि बेस्सरी भगवानलाई गाली गर्छ । के गर्ने लेखेको कुरो आखिर टर्दो रहेनछ भन्छ । अनि त्यहाँ भट्टीमा गएर बेस्सरी खान भनेको थियो, लेखेको थियो ? कसले लेखेको थियो ? भगवानले त्यस्ता कुरा लेख्छ केही काम छैन अरु ? फुर्सद छ भगवानलाई ? अनि भगवानलाई तपाईंको हातसँग र खुट्टासँग रिस उठेको छ र भाँचिदिन्छ ? अरु काम सिद्धियो भगवानको, हात खुट्टा भाँच्नेतिर लाग्यो भगवान ? टोले गुण्डा हो भगवान भनेको हात खुट्टा भाँच्ने ? भगवानलाई दोष लगाउनु हुँदैन, आपूm सतर्क हुनुपर्छ र आपूmले गर्नुपर्छ । अनि लापरवाही जिन्दगी बितायो, अनि भगवानलाई दोष लगायो अनि डाक्टर कहाँ खर्च लिएर गयो । त्यो भन्दा आफू सर्तक हुने । योगमा ध्यान दिने । योग भनेको मस्तिष्कको, मनको, तनको, सबै चिज शुद्ध, पवित्र र सामाजिक रह्यो भने हामी निरोगी र स्वस्थ हुन्छौं र समाजलाई स्वस्थ ढंगले अगाडि बढाउन सक्छौं । सबैलाई यही मेरो आग्रह छ । सरकारको तर्फबाट यस सन्दर्भमा दिने ध्यान हामी दिइरहेका छौं र निरोगी नेपाल, रोग लाग्नै नदिने, लागिहालेमा उपचार गर्ने, आकस्मिक दुर्घटना केही भए उपचार गर्ने, प्राकृतिक खालका कुनै चिज परे उपचार गर्ने तर साधारणतया भन्ने हो भने सधैं स्वस्थ रहन प्रेरित गर्ने, सधैं स्वस्थ रहने बाटो हिंड्ने, स्वस्थताको, स्वस्थ मन र प्रसन्नता । खासमा भन्ने भने इम्मुन सिस्टमको सबैभन्दा प्रमुख जग प्रसन्नता हो । इम्युनिटी कसरी बढ्छ भन्दा प्रसन्नताले बढ्छ । त्यसकारण प्रसन्न हौं । योगी बन । योगी बन्न दाह्री पाल्नु पर्दैन, दाह्री पाल्नु प¥यो भने महिलाले के गर्नु हेर्नुस् त ! योगी हुनलाई दाह्री पाल्नु पर्छ भन्दिनु भयो भने त महिला त बाहिर भयो नि । योगी हुन दाह्री पाल्न पर्दैन । दाह्री नपालेरै योगी बन्न सकिन्छ । कपाल पाल्नु भन्यो भने, म जस्तोले टोपी फुकाल्यो भने तपाईंहरु छक्क पर्नु हुन्छ । कपाल पाल्नु पर्छ योगीले भने म जस्तोले के गर्ने ? बिजोग हुँदैन । त्यसकारण योगले स्वस्थसँग, स्वास्थ्यसँग, मनसँग, मस्तिष्कसँग शरीरसँग र समाजसँग सम्बन्ध राख्छ, अरु कुरासँग होइन । आवरणसँग होइन, पहिरनसँग होइन, चन्दन टिकासँग होइन । अहिले बाबाजीहरु दुई तीन घण्टा मेकअप गरेर प्रवचन गर्न निस्किनु हुन्छ । बाबाजीलाई मेकअप किन चाहियो ? त्यो मलाई अचम्म लाग्छ । सधैं ऐना हेरेर एकैनासको टिको ट्याक्क मिलाएर चट्ट कहाँदेखि कहाँसम्म लगाउने भन्ने गर्नु हुन्छ । यसै ट्याक्क लगाएको टिको हो, होइन नि । बाबाजी अब फेसियल ? गुरुजी फेसियल ! गुरुजी पार्लर ! गुरुजीका टिथ्यान्ल ! यो योग होइन । योग घरै बसेर गर्न सकिन्छ । पहिले आपूmलाई पवित्र सोच्न थाल्नुस्, तपाई योगी हुन थाल्नु भयो । पवित्र सोच्नुस्, सत्य सोच्नुस्, अहिंसा सोच्नुस्, अर्काको सम्पत्तिमा लोभ नगर्ने, आफ्नो बाहेक र चाहिने बाहेक अपरिग्रह, चाहिने बाहेकका कुराहरुप्रतिको लोभलाई पन्छाइदेउ, प्रत्याहार आठवटा मध्यको एउटै हो । त्यस्ता चिजहरुको कुनै पनि दुष्प्रभावलाई टाडैबाट हटाइदेउ आदि । घरै बसेर योगी हुनुस् । मेरो विनम्र आग्रह छ । तपाई घर बसेर योगी हुन सक्नु भएन भने अथवा त्यो बाटो हिंड्नु भएन भने संसारलाई योगी बनाउनै सकिंदैन । घरै बसेर योगी हुन सकिन्छ । सिक्नका लागि स्टुडियोमा गएर रेकर्डिङ त गर्नुपर्छ । रेकर्डिङ गर्न स्टुडियोमा जानुस् । सिक्ने बेलामा भोकल सिक्न जानुस् । अरु सिक्न जानुस्, म्युजिक सिक्न जानुस् । घरै बस्न सकिन्छ नि, घरै बसेर आफ्नो व्यवहार चलाउँदै गर्न सकिन्छ, त्यस्तै हो । योग अभ्यास गर्न जानुस्, सिक्न जानुस् कस्तोमा गर्नुहुन्छ, कुन योग, कुन अभ्यास कस्तोमा गर्नुहुन्छ कुन आसन, कुन बिमारी, कुन रोग लागेकोले गर्नु हुन्छ हुँदैन डाक्टरहरुसँग परामर्श गर्नुस् । सुगर भएकोले के गर्न हुन्छ, हुँदैन कस्तो आसन गर्नु हुन्छ, हुँदैन । प्राणायाम जसले पनि गर्नु हुन्छ । तर आसनमा अलिकति होस गर्नुपर्छ । कहिलेकहिले शीर्षासन गर्दाखेरि ब्लड प्रेसर हाई भएको मान्छेले लामो समय शीर्षासन ग¥यो भने के हुन्छ, डाक्टरलाई सोध्नुस् । म फेरि पनि योग मानवजातिको कल्याणका लागि, मानव जातिले गर्ने मानवका लागि गर्ने, आफ्ना लागि, परिवारका लागि, समाजका लागि, विश्वका लागि, शान्ति र सभ्यताका लागि गर्ने, समृद्ध नेपाल, सुखी नेपाली बनाउन हामीले गर्ने, स्वस्थ सुखी नेपालीहरुको नेपाल बनाउन हामीले गर्ने हो । त्यसर्थ योगलाई त्यसैगरी बुझेर अगाडि बढौं भन्ने आग्रहका साथ सबैमा शुभकामना । (स्वकीय सचिवालयबाट प्रेषित)

# पूर्वाधार विकासका लागि तनहुँमा करोडौँका योजना

**तनहुँ ।**
गण्डकी प्रदेश सरकारमार्फत आगामी आर्थिक वर्ष २०८२÷८३ मा पूर्वाधार निर्माणतर्फ करोडौँका योजना सञ्चालन हुने भएका छन् । प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय तनहुँमार्फत सडक, पक्की पुललगायतमा करोडौँ बजेट विनियोजन गरेको हो ।

प्रदेश सरकारले सङ्घ सरकारको समानीकरण र प्रदेश सरकारमार्फत विभिन्न योजनामा बजेट विनियोजन गरेर योजना छनोट गरेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख रवीन्द्र तिवारीले जानकारी दिए । उनका अनुसार केही योजना क्रमागत सञ्चालन भइरहेका छन भने केही नयाँ योजना सञ्चालन हुनेछन् ।

राजापान मोटरमार्ग स्तरोन्नति व्यास–९ का लागि ५० लाख रुपैयाँ, सुवर्ण मोटरमार्ग व्यास–१० का लागि ५० लाख रुपैयाँ, कान्छे मोटरमार्ग स्तरोन्नति ऋषिङ–७ का लागि ५० लाख रुपैयाँ, थुम्कीडाँडा सालडाँडा स्याङ्जा जोड्ने सडक स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, छबिसे बेलौते राहुलडाँडा सिमलभञ्ज्याङ जोड्ने मोटरमार्ग स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, दुलेगौडा बाडखोला मोटरमार्ग स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, चन्द्रकोट झारगाउँ हुँदै धरमपानी सडक स्तरोन्नति बन्दीपुर ५ र ६ का लागि एक करोड रुपैयाँ विनियोजन भएको छ ।

त्यस्तै पिप्ले जुमडाँडा सडक स्तरोन्नति बन्दीपुर–४ का लागि ५० लाख रुपैयाँ, अमर शान्ति मोटरमार्ग फिर्दीदेखि मलागिरि मान्द्रे हुँदै पाखाडी कटहरेका लागि रु एक करोड, किहुँ मार्गका लागि ५० लाख रुपैयाँ, बेल्टार सानो खोलाबाट कृष्ण मन्दिर हुँदै ढकाल बस्ती जाने बाटो स्तरोन्नतिका लागि रु ५० लाख, पाउदीदेखि दुधेकुना मार्ग स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, अर्चलधारा लौडारीभञ्ज्याङ थानीको थान मोटरमार्ग स्तरोन्नतिका लागि रु तीन करोड, चितीखोला सुकेधारा मोटरमार्ग निर्माण तथा स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, राइपुर बाराही मोटरमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, ज्ञानमार्ग कटहरेदेखि बाराहखोला मोटरमार्ग स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, देउराली क्याङ्दी मोटरमार्ग स्तरोन्नतिका लागि एक करोडरुपैयाँ, सिन्धुस खोला पुलका लागि ५० लाख रुपैयाँ विनियोजन भएको छ ।

त्यस्तै अठाइस बाहुन्दीमार्ग स्तरोन्नतिका लागि रुपैयाँ ५० लाख, सानोभञ्ज्याङदेखि सिम्लेक कोबैती सडक स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, सिरानटोल ठाडोमार्ग स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, महन्ते भोटीखोला सिम्ले ढकालगाउँ जाने बाटो स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, थानसिंह कृषक सडक स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, बिरुवा ढाडोला बाङ्गेरह मोटरमार्गका लागि ५० लाख रुपैयाँ, सेती नदी पुल क्याम्पसचोक स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, लालध्वजमार्ग वडा कार्यालय हुँदै शुक्लागण्डकी–१ का लागि ५० लाख रुपैयाँ, जनसेवा घडेरी बाबिया डाँडामार्ग स्तरोन्नतिका लागि ५० लाख रुपैयाँ, भानु जन्मस्थल मार्गका लागि एक करोड रुपैयाँ, कालिका सहिद मार्गका लागि ५० लाख रुपैयाँ, दमौली केशवटार ढाडखोला सडकका लागि ५० लाख रुपैयाँ, छिपछिपे नरम बञ्चरे सडक निर्माणका लागि ५० लाख रुपैयाँ, बेलडाँडा चामकोट फालढुङ्गा मोटरमार्गका लागि ५० लाख रुपैयाँ विनियोजन भएको छ ।

भर्लाङ्दी सडक, ज्वालादेवी मोटरमार्ग, भीमसेनचोकदेखि झोलुङ्गेपुल सडक, लौडारीभञ्ज्याङ गहत्तेरी, कालिका क्याम्पस जाने बाटो, भुडाटार नागनगेनी चैनपुर मोटरमार्ग, लौडारीभञ्ज्याङ जुगेपानी राइपाली सडक, कालीमाटी अस्पताल जाने पहुँचमार्ग, सातबिसे गैरी खोल्सा कालामाटा हुँदै खहरे डुम्रे बेसीशहर सडक, पिउरीमाटी खोला कल्भर्ट, मानेचौका खहरे राइफली भञ्ज्याङ सडकका लागि ५०/५० लाख रुपैयाँ विनियोजन भएको छ । त्यस्तै चुँदी कुमालगाउँदेखि थानीमाइ कमार्ग कालोपत्रका लागि एक करोड रुपैयाँ, रानीपानी कालिका मावि मोटरमार्ग, बगैचा खुदेपानी सडक स्तरोन्नतिका लागि ५०÷५० लाख रुपैयाँ, श्रीराम मोटरमार्ग शुक्ला–३ सप्तऋषि मोटरमार्गका लागि ७५ लाख रुपैयाँ, रेडक्रस मार्ग, कार्की गाउँदेखि गौलीगाउँ मोटरमार्ग, फ्याउसे कटुवा चिखोलामा कल्भर्टका लागि ५०÷५० लाख रुपैयाँ, चितीखोला भुवानेमा बेलिब्रिजका लागि एक करोड ५० लाख रुपैयाँ, ढोरबाराही मार्गका लागि एक करोड ७५ लाख रुपैया, बुद्धसिंह मार्गका लागि एक करोड ७५ लाख रुपैयाँ, आँबु भाँगे छिम्केश्वरी सडक दोस्रो खण्डका लागि दुई करोड रुपैयाँ, टुहुरेपसल सिम्पानी तनहुँसुर सडक स्तरोन्नतिका लागि एक करोड रुपैयाँ, झापुटार काहुँ मोटरमार्ग स्तरोन्नतिका लागि एक करोड ५० लाख रुपैयाँ, सहिद लालध्वज मार्ग निर्माण तथा स्तरोन्नतिका लागि दुई करोड रुपैयाँ, भानु मार्ग चन्द्रावती पोखरीछापका लागि तीन करोड ५० लाख रुपैयाँ, आँबु भाँगे छिम्केश्वरी हिलेखर्क मार्गका लागि दुई करोड रुपैयाँ, दुलेगौडा हर्कपुर मार्गका लागि दुई करोड पाँच लाख ९० हजार रुपैयाँ, शालिग्राम कोरिडोर (दासढुङ्गा साधेबगर भतेरी खण्ड) का लागि आठ करोड रुपैयाँ बजेट विनियोजन भएको छ ।रासस

# सुदूरपश्चिम प्रदेश सरकारद्वारा ४२ प्रतिशत बजेट खर्च

**कैलाली ।**
सुदूरपश्चिम प्रदेश सरकारले कूल विनियोजित बजेटको ४२ दशमलव २७ प्रतिशत बजेटमात्रै खर्च गरेको छ ।

चालु आव २०८१/८२ को साउनदेखि जेठ मसान्तसम्मको ११ महिनाको अवधिमा प्रदेश सरकारले कूल विनियोजित बजेटको ४२ दशमलव २७ प्रतिशत अर्थात् १३ अर्ब ३३ करोड चार लाख रुपैयाँ खर्च गरेको हो ।

सो अवधिमा प्रदेश सरकारले चालुतर्फ छ अर्ब ९७ करोड दुई लाख रुपैयाँ र पुँजीगततर्फ छ अर्ब ३६ करोड दुई लाख रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख वासुदेव जोशीले जानकारी दिए । उनका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी पाँच अर्ब ७९ करोड ३३ लाख रुपैयाँ बजेट खर्च गरेको छ ।

सामाजिक विकास मन्त्रालयले दुई अर्ब ८६ करोड ७३ लाख रुपैयाँ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ९९ करोड ६७ लाख रुपैयाँ र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ९२ करोड ७६ लाख रुपैयाँ खर्च गरेको उनले जानकारी दिए ।

कार्यालय प्रमुख जोशीका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १६ करोड ७५ लाख रुपैयाँ , आर्थिक मामिला मन्त्रालयले ११ करोड ९२ लाख रुपैयाँ र आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पाँच करोड २१ लाख रुपैयाँ खर्च गरेको छ ।

त्यस्तै, प्रदेश व्यवस्थापिकाले १३ करोड ४१ लख रुपैयाँ, प्रदेश नीति तथा योजना आयोगले दुई करोड ११ लाख रुपैयाँ र प्रदेश लोकसेवा आयोगले ४४ लाख रुपैयाँ खर्च गरेको उनले जानकारी दिए । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारले चालु आवका लागि कूल ३१ अर्ब ६२ करोड ९८ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यसमध्ये, चालुतर्फ १२ अर्ब ८५ करोड ७४ लाख र पुँजीगततर्फ १८ अर्ब ७६ करोड २४ लाख बजेट विनियोजन गरेको थियो ।रासस

अन्तर्वार्ता

# विगतका कमजोरीबाट सिकेर विपद् पूर्वतयारी र प्रतिकार्य अघि बढाउँछौँ – कार्यकारी प्रमुख भट्ट

*मुलुकमा यस वर्षको मनसुन प्रारम्भ भइसकेको छ । जल तथा मौसम विज्ञान विभागले यसवर्षको मनसुनमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको छ । यस वर्षको मनसनुजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका २० लाख नागरिक प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित हुने आकलन गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद्बाट हुनसक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी र प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइसकेको छ । विपद् पूर्वतयारी, प्रतिकार्यलगायत विषयमा केन्द्रित रहेर प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टसँग राष्ट्रिय समाचार समितिका समाचारदाता प्रगति ढकाल र अशोक घिमिरेले गरेका कुराकानीको सम्पादित अंशः*

**–विपद्बाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि प्राधिकरणको तयारी कस्तो छ ?**
यस पटकको मनसुनमा २० लाख नागरिक प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित हुने अनुमान गरिएको छ । त्यसमध्ये दुई लाखलाई कुनै न कुनै रूपमा राहत व्यवस्थापन गर्नुपर्छ भनेर तयारी गरिरहेका छौँ । स्थानीय तहमा स्वयंसेवकलाई तालिम दिइरहेका छौँ । आमसञ्चार माध्यमबाट विपद्सम्बन्धी सूचना स्थानीय जनतासमक्ष पु¥याउनका लागि सहकार्य गरेर अगाडि बढिरहेका छौँ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनालाई तयारी अवस्थामा राखेका छौँ । विपद्का बेलामा सबैभन्दा नजिक स्थानीय सरकार रहेको हुन्छ । प्रदेश सरकार र स्थानीय तहलाई पनि तयारी अवस्थामा रहन आग्रह गरेका छौँ ।

यसपटक विपद् व्यवस्थापनमा निजी क्षेत्रलाई पनि सँगसँगै लिएर जाने योजना बनाइएको छ । डुबान भएको अवस्थामा उद्धारका लागि डुङ्गा र दक्ष जनशक्तिको आवश्यकता पर्छ । त्यसका लागि ¥याफ्टिङ एसोसिएसनसँग समन्वय गरेका छौँ । विपद्का समयमा जिल्ला विपद् व्यवस्थापन समितिमार्फत 'बोट' र चालकलाई परिचालन गर्ने सहमति भएको छ । नेपाल यातायात व्यवसायी महासङ्घसँग पनि प्राधिकरणले विभिन्न चरणमा छलफल गरेको छ । महासङ्घमार्फत सम्भावित जोखिम क्षेत्रमा यातायात सञ्चालन नगर्न निर्देशन दिन आग्रह गरेका छौँ ।

**–विगतका वर्षमा पनि विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना बनाइन्थ्यो । तर गत वर्षकै उदाहरण हेर्दा त यही उपत्यका र आसपासकै क्षेत्रका बासिन्दाको समयमा नै उद्धार हुन सकेन । भनेपछि अब यो वर्षको कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भनेर विश्वास दिलाउने आधार के छ त ?**
विगतमा नहुनु भनेकै हाम्रा लागि पाठ थियो । गत वर्ष किन सकिएन ? कसरी सक्नुपथ्र्यो ? समीक्षा गरेर यो वर्ष हामीले प्रतिकार्य कार्ययोजना बनाएका छौँ । विगतका कमजोरीलाई केलाएका छौँ । गत असोज १०, ११ र १२ गतेको भारी वर्षाका कारण सबैभन्दा बढी क्षति पुगेको थियो । कार्ययोजनाको एउटा भाग नै असोजको सिकाइ के रह्यो भनेर समीक्षा गरिएको छ । विगत १५ दिनदेखि सशस्त्र प्रहरीले सिंहदरबार, धोबीखोला, थापाथली वरपर घुमिरहेको छ । विपद् स्वयम्सेवक बनाउने, कसरी उद्धार गर्ने भनेर अनुगमन गर्नुभएको छ । तसर्थ, विगतबाट पाठ सिकेर यस वर्ष पूर्वतयारीमा जोड दिएका छौँ ।

**–विपद् व्यवस्थापनका सम्पूर्ण तयारी भए पनि कहीँकतै अन्तरनिकाय समन्वयमा चुकिरहेका हुन्छौँ । समन्वयमा कहाँ समस्या भइरहेको छ ?**
सबै ठाउँमा जानकारी जाने तर कतातिर केन्द्रित हुने भन्ने हुँदा समन्वयमा समस्या भइरहेको हो । बाढीपहिरोबाट अवरुद्ध सडक सञ्चालन गर्ने सडक विभाग रहेको छ । सुरक्षाकर्मीलाई आवश्यक उपकरण कसरी व्यवस्थापन गर्ने भनेर जोडेको छौँ । विपद्को प्रभावकारी व्यवस्थापनको जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसिरहेको छ । सकेसम्म कम धनजनको क्षति कम होस् भनेर समन्वयलाई बढाइरहेका छौँ ।

**–तल्लो स्तरसम्म प्राधिकरणको आफ्नै संयन्त्र त छैन । यस्तो अवस्थामा समन्वयन बढाउनका लागि कतिको चुनौती हुँदोरहेछ नि ?**
प्राधिकरणको आफ्नै संरचना नभए पनि स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति रहेका छन् । ती निकायसँग समन्वय गर्ने काम प्राधिकरणले गरिरहेको छ । विपद्मा हामीले निर्देशन दिन्छौँ र कार्यान्वयन ती निकायहरूले गर्छ ।

**–अन्तरमन्त्रालय तथा अन्य सरकारी निकायबीच समन्वय कसरी बढाउने ?**
समन्वय नभएको भन्ने त होइन । समन्वय भन्ने कुरा कतिको सम्पर्क बढाउनुहुन्छ त्यसमा भर पर्ने कुरा हो । हामीले सञ्चार मन्त्रालयसँग पनि छलफल गरिरहेका छौँ । सम्पर्क बढाइरहेका छौँ । उहाँहरूले दूरसञ्चारसँग समन्वय गर्नुहुन्छ । यस्तै अन्य निकायसँग पनि सम्पर्क बढाइरहेका छौँ । जुन समन्वयले यस वर्षको मनसुनमा विपद्बाट हुन सक्ने क्षति कम होस् भनेर लागिरहेका छौँ ।

**–जलवायु परिवर्तनको असरस्वरूप नसोचिएको विपद्का घटनाहरू भइरहेका छन् । यस्तो अवस्थामा विपद् व्यवस्थापनका योजना के–कस्तो बनाउन आवश्यक पर्ला ?**
नेपालमा मात्रै नभएर विश्वभर नै जलवायु परिवर्तनको घटना बढिरहेका छन् । गतवर्ष पनि टीकाभैरव क्षेत्रमा बढी पानी पर्दा उपत्यकामा ठूलो क्षति भयो । त्यस्तै भीषण पानी अन्य क्षेत्रमा पनि परेको भए विपद्का घटना अझ बढ्न सक्थ्यो । कञ्चनपुरको दोधरा चाँदनीमा गतवर्ष 'रेकर्ड ब्रेक' वर्षा भयो । नेपालसँगै विश्वभर नै नसोचिएको घटना भइरहेका छन् । जलवायु परिवर्तनमा नेपालको योगदान नगन्य भए पनि नेपालमा यसको असर सबैभन्दा बढी परिरहेको छ । तसर्थ, नेपालले जलवायु न्याय पाउनुपर्छ । हामीलाई जलवायुजन्य हानिनोक्सानीस्वरूप रकम उपलब्ध गराउनुपर्ने तथा जलवायु अनुकूलनको क्षमता बढाउनका लागि धनी तथा विकसित मुलुकले सहयोग गर्नुपर्छ भनेर पैरवी गरिरहेका छौँ ।



**–विपद्बाट हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली अति नै महत्वपूर्ण हुन्छ । नेपाल, चीन र भारतबीच अन्तरदेशीय पूर्वसूचना प्रणालीमा सहकार्य गर्ने कुरा अघि बढेको थियो । त्यो विषय अहिले कहाँ पुगेको छ ?**
पूर्वसूचना प्रणालीकै कारण गत वर्ष धेरै स्थानमा नागरिकको जीउधनको रक्षा भएको छ । अन्तरदेशीय पूर्वसूचना प्रणालीमा सहकार्यका बारेमा जेनेभामा आयोजित 'ग्लोबल प्लाटफर्म फर डिजास्टर रिस्क रिडक्सन' (डिपिडिआरआर) को बैठकमा कुरा राखेका छौँ । सन् २०१५ को एक अध्ययनअनुसार ४७ वटा हिमताल विस्फोटका नजिक छन् । त्यसमध्ये २५ वटा चीनमा, २१ वटा नेपालमा र एक वटा भारतमा पर्छ । अब २५ वटा तालमा के भइरहेको छ भन्ने कुरा हामीले पूर्वसूचना पाएनौँ भने नेपाली नागरिकको जीउधनको रक्षा गर्न सक्दैनौँ । नेपाल छिरेपछि मात्रै हामीले थाहा पाउने भयौँ ।

यही कुरा मैले डिपिडिआरआरका प्रमुखलाई राखेपछि उहाँले चिनियाँ पक्षसँग भेट गराउनुभयो । चिनियाँ पक्षसँग मैले विषय राखेँ । तपाईहरूसँग सूचना र प्रविधि पनि छ । नेपाली नागरिकलाई जोगाउनका लािग पूर्वसूचना चाहिन्छ भनेर कुरा राखेपछि उहाँहरूले त्यो सम्बन्धमा चिनियाँ सरकारसँग छलफल गर्ने बताउनुभयो । संयुक्त राष्ट्र सङ्घको विपद् व्यवस्थापनसम्बन्धी निकायको यस क्षेत्र हेर्ने अधिकारीको नेपाल भ्रमणका क्रममा छलफल भएको छ । यसका लागि नेपालस्थित विपद्सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय निकाय र प्राधिकरणका प्रतिनिधिले संयुक्त प्रस्ताव बनाएर चीन सरकारलाई पठाउने तयारी भइरहेको छ । समन्वयका लागि युएनडिआरआरलाई अघि राख्न खोजेका छौँ । संयुक्त राष्ट्र सङ्घीय निकायको माध्यमबाट हुँदा काम छिटो चाँडो होला भनेर त्यसो गर्न लागेको हौँ । गृहमन्त्रालयबाट परराष्ट्र मन्त्रालय हुँदै नेपाल सरकारले चिनियाँ पक्षसँग छलफल गर्नेछ ।

**–छिमेकी राष्ट्रका विपद् व्यवस्थापनसम्बन्धी निकायसँग प्राधिकरणको छलफल हुन्छ कि हुँदैन् ?**
विभिन्न क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चमा विपद्सम्बन्धी छलफल भइरहेको हुन्छ । विपद्का समयमा सबै छिमेकी मुलुकले नेपालमा विभिन्न सहयोग गरिरहेका हुन्छन् ।

**–नेपालका सुरक्षा निकायलाई विपद् व्यवस्थापनमा सबल र सक्षम बनाउँदै उनीहरूलाई अन्तरराष्ट्रिय विपद् प्रतिकार्यमा खटाउने सम्भावना कस्तो रहन्छ ?**
विपद्मा जाने टिमले इन्टरनेशनल सर्च एण्ड रेस्क्यू एडभाइजरी ग्रुप (इन्साराग) सम्बन्धी मापदण्ड पूरा गर्नुपर्छ । त्यो मापदण्डमा नपुग्दासम्म नेपालले मेडिकल सहयोग गर्ने मात्रै हो । जस्तै केही समयअघिको भूकम्पमा म्यानमारमा नेपाली सेनाको स्वास्थ्य टोली सहयोगका लागि गएको थियो । अहिले तत्कालै हाम्रा सुरक्षाकर्मी त्यस्ता विपद्मा जाने अवस्था छैन । त्यसका लागि अहिले इन्साराग गाइडलाइन बनाउँदैछौँ । त्यो गाइडलाइन कार्यकारी समितिबाट पास भइसकेको छ । कार्यकारी परिषद्बाट पास भएर कार्यान्वयनमा आएपछि सर्च एण्ड रेस्क्यू टिम तयार हुन्छ । त्यसका लागि केही पाठ्यक्रम पास भइसकेको छ । परिषद्बाट इन्सारागमा जाने भनिसकेपछि सबै पाठ्यक्रम पारित गरेर नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीबाट त्यसअनुसारको टिम बनाइन्छ । यसबाट अहिले अन्तरराष्ट्रिय क्षेत्रमा शान्ति स्थापनार्थ नेपाली सेनाको जुन पहिचान छ, त्यसैगरी विपद्को समयमा नेपाली सुरक्षाकर्मी आयो भने उद्धार गर्छ भनेर राष्ट्रको प्रतिष्ठा बढ्छ । अर्को, विभिन्न परिस्थितिमा काम गरेर आइसकेपछि उहाँहरूको विशेषज्ञता पनि बढ्छ । यसबाट जस्तुसकै विपद् पर्दा उद्धार गर्न सहयोग पुग्छ । यही कारणले नेपाल इन्सारागमा सहभागी हुन खोजेका हौँ ।

**–अन्त्यमा, यहाँको सन्देश के छ ?**
हामी सबै प्रकारका विपद्को उच्च जोखिममा छौँ । पूर्वतयारीमा हाम्रो ध्यान पुगेकै छैन । जहिले पनि विपद् आउँदा सबैभन्दा पहिलो 'रेस्पोन्स' गर्ने भनेको स्थानीय समुदायले नै हो । विसं २०७२ को भूकम्पलाई हेर्ने हो भने पनि ८० प्रतिशत उद्धार स्थानीयले गरेको छ । उन्नाइस प्रतिशत उद्धार नेपाली सुरक्षाकर्मी र एक प्रतिशत अन्तरराष्ट्रिय सुरक्षाकर्मीले गरेको हो । अर्थात् पहिलो 'रेस्पोन्डर' स्थानीय समुदाय हो । स्थानीय समुदायभित्र जनचेतना जगाउन सक्यौँ र उहाँहरूलाई आवश्यक पर्ने आधारभूत सीप दिन सक्यौँ भने विपद् व्यवस्थापन प्रभावकारी हुन्छ । विपद्को सूचना सङ्कलन गर्ने, समुदायमा प्रवाह गर्ने, जटिसक्दो छिटो सुरक्षित स्थानमा भेला हुने गरी स्थानीय समुदायमै पूर्वतयारी गर्नुपर्छ । विपद्का समयमा आवश्यक पर्ने आधारभूत सामग्रीको जोहो समुदायले नै गर्नुपर्छ । स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने हो भने विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ । विपद् प्रतिरोधी पूर्वाधार निर्माण गर्नुपर्छ ।

विपद् जुनसुकै बेला आउन सक्छ, विपद् रोक्न सकिँदैन । त्यसपछि क्षतिपूर्ति दिने राज्यको दायित्व हो, तर विपद्सँग जुध्नसक्ने समुदाय हामीले निर्माण गर्न सक्नुपर्छ । यति हुँदा मात्रै विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।रासस

# बाँदर नियन्त्रण गर्न सामुदायिक वनमा फलफूलखेती गरिने

**बागलुङ ।**
बागलुङको काठेखोला गाउँपालिकाले बाँदर नियन्त्रणका लागि सामुदायिक वनमा फलफूल खेती गर्ने भएको छ ।

बढ्दो बसाइँसराइका कारण रित्तिदै गएका गाउँमा बाँदर आतङ्क बढ्दै गएपछि गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्य फलफूल तथा गीठा, तरुल, भ्याकुर र कन्दमूलको खेती गर्ने भएको हो ।

आर्थिक वर्ष २०८२÷८३ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै गाउँपालिका अध्यक्ष राजु थापाले तरकारी खेतीमा नागरिकलाई आकर्षण वृद्धि गर्न ‘तरकारी मिनिकिट अनुदान कार्यक्रम’ कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने बताए । गाउँपालिकलो बाँकोको सिन्की, सिस्नोको पाउडर, अल्लोको कपडा, लालीगुराँसको जुस, अदुवाको मिठाइ, जुस, अचारलाई व्यवसायिक गर्दै स्थानीय उत्पादनको ब्राण्डिङ र प्याकेजिङ गरि बजारीकरण गर्ने भएको छ ।

चिया, अलैँची, ओखर, टिमुर, आलु र सुन्तला खेतीको पकेट स्थापना गरी ब्लकको रूपमा विकास गरी कृषि पकेट पूर्वाधार कार्यक्रम सञ्चालन गरी कृषकको उत्पादनलाई सङ्कलन र बजारीकरणका कृषि उपज सङ्कलन केन्द्रको भवन निर्माण गरी सञ्चालन गर्ने नीति तथा कार्यक्रममा समावेस गरिएको छ ।गाउँपालिकाले आगामी आर्थिक वर्षमा कोदोको लोकल रक्सीलाई ब्राण्डिङ र लेवलिङ गरी बिक्री वितरण गर्ने प्रक्रिया अगाडि बढाउने अध्यक्ष थापाले बताए । पर्यटकीय क्षेत्र घुम्ने गरी पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण गेर निजी क्षेत्रसँग समन्वय गरी जडीबुटी उत्पादन र प्रशोधन केन्द्र सञ्चालन गरिने अध्यक्ष थापाले बताए ।

किसानले उत्पादन गरेका नाङ्लो, डाली र मकैको खोस्टाबाट निर्माण हुने फूलजन्य सामग्रीको बजारीकरणका लागि ‘काठेखोला कोसेली घर’ सञ्चालन अध्यक्ष थापाको भनाइ छ । सबै नागरिकको मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेहजस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।रासस

# सुकुम्बासीको प्रमाणीकरण गर्दै भूमि आयोग



**भोजपुर ।**
यहाँ भूमि आयोगले सुकुम्बासीको प्रमाणीकरण काम थालेको छ । यसअघि सङ्कलित तथ्याङ्कको आधारमा आयोगले सुकुम्बासीको प्रमाणीकरण थालेको हो ।

षडानन्द नगरपालिकामा आवेदन परेका ६० जना सुकुम्बासीको पालिकास्तरबाट प्रमाणीकरण गर्ने निर्णय गरिएको छ । वडास्तरिय सहजीकरण समितिमार्फत आएका ६० जना भूमिहीन दलित, भूमिहीन सुकुम्वासीको पालिकास्तरबाट प्रमाणीकरण गर्ने निर्णय भएको भूमी आयोग भोजपुरका अध्यक्ष देवीराम चौलागाईंले जानकारी दिए ।

सुकुम्बासीको प्रमाणीकरणको लागि पौवादुङमा, हतुवागढी, साल्पासिलिछो र आमचोक गाउँपालिकामा वडास्तरमा सात दिने सूचना प्रकाशन गरिएको अध्यक्ष चौलागाइँको भनाइ छ ।

पालिकास्तरमा निर्णय भएर आएकाको जिल्लामा पुनः प्रमाणीकरण गरेपछि लालपूर्जा वितरणको काम अघि बढाउने आयोगले जनाएको छ ।

‘हामीले वडास्तरबाट सुकुम्बासीको प्रमाणीकरण थालेका छौँ अध्यक्ष चौलागाइँले भने, ‘षडानन्द नगरपालिकामा ६० जनाको पालिकास्तरबाट प्रमाणीकरण भएको छ । अन्य पालिकामा पनि काम अघि बढाएका छौँ ।’

भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई लक्ष्य गरेर उनीहरुको तथ्याङ्क सङ्कलन पश्चात वडा तथा पालिकास्तरबाट प्रमाणीकरण थालिएको हो । अन्तिम प्रमाणीकरणमा परेकालाई राज्यको नियम अनुसारको जग्गा वितरण हुने आयोगले जनाएको छ ।रासस

# डेढ दशकभन्दा अगाडिदेखिका आयोजना अधुरैः गाउँभर खानेपानी समस्या

**बागलुङ ।**
बागलुङको बडिगाड गाउँपालिका–३ सिसाखानीमा खानेपानी आयोजना सुरू भएको साढे एक दशक बित्यो । तर अहिलेसम्म उक्त आयोजना सम्पन्न हुन सकेको छैन ।

गाउँमा ‘एक घर, एक धारा’ बनाउने गरी सुरू भएको आयोजना अलपत्र हुँदा स्थानीय निराश छन् । स्थानीयको खानेपानी समस्या समाधानका लागि विसं २०६७ मा ओखरगैंडा खानेपानी आयोजना सुरू भएको थियो । योजनाको दुई किलोमिटर टाढा घिनसिङ खोलाबाट मौरीभिर सम्मो भन्ने ठाउँमा लिफ्टमार्फत ओखरबोट किम्लेमा पानी तानेर वितरण गरिने योजना थियो । तर त्यो योजना १५ वर्ष पुग्दासम्म पनि अधुरै छ । स्थानीयले दैनिक खानेपानीका लागि लाइनमा बस्नु पर्ने बाध्यता छ । सरकारले अपर्याप्त बजेट विनियोजन गर्दा कामा ढिलासुस्ती भएको हो ।

विसं २०७२ मा सङ्घीयता आएपछि उक्त खानेपानी योजना सशर्त कार्यक्रमअन्तर्गत नेपाल सरकारबाट प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । प्रदेश सरकारले उक्त आयोजनालाई पुनः डिजाइन गरेर काम गर्दै आएको छ । पहिले निर्माण भएको रिजर्भ ट्याङ्की र सार्वजनिक धारा अहिले काम नलाग्ने भएका छन् । यहाँको झण्डै १०० घरधुरीको घर घरमा धारा निर्माण भएका छन् ।

घरमा धारा भए पनि पर्याप्त पानी नआउँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । सिसाखानीको बाघखोरमा रिजर्भ ट्याङ्की निर्माण भएपछि मात्रै सहज रूपमा पानी वितरण गर्न सकिने ओखरगैँडा खानेपानी आयोजनाका अध्यक्ष दिलबहादुर पुनले बताए । एउटा ४५ हजार लिटर र अर्को २० हजार लिटरको ट्याङ्की निर्माण गरेपछि मात्र खानेपानी समस्या समाधान हुने उनको भनाइ छ ।

अध्यक्ष पुनले भने ‘यहाँ खानेपानी आयोजना सुरू भएको धेरै भयो तर अहिलेसम्म सम्पन्न नहुँदा हामीहरूले खानेपानीको सक बेहोर्नुपरेको छ, आयोजनाका लागि वर्षमा कहिले पाँच लाख, अहिले १० लाख बजेट आउँछ, त्यो बजेटले अपुरो काम हुन्छ, बजेट अभावका कारण अहिलेसम्म यो खानेपानी आयोजना सम्पन्न हुन सकेन, राज्यको ध्यान नगएको महसुस भएको छ ।’

करिब ६० लाख बजेट आए मात्रै आयोजना सम्पन्न हुने अध्यक्ष पुन बताउनुहुन्छ । ट्याङ्कीसँगै वडा कार्यालय, विद्यालयलगायत स्थानमा सार्वजनिक धारा र केही घरमा निजी धारा निर्माणको काम पनि बाँकी रहेको पुन बताउछन ।

वर्षौंदेखिको आयोजना पूरा नहुँदा अहिले पनि नागरिक पानी बोकेर उपभोग गर्नुपरेको स्थानीय किशोर काउचा घर्तीले बताए । अहिले बस्तीभन्दा झण्डै एक किलोमिटर तल रहेको रिजर्भ ट्याङ्कीबाट ओखरबोटमा रहेको २० हजार लिटरको ट्याङ्कीमा झारेर अस्थायी रूपमा पानी वितरण गरिएको छ । बिहान दुई घण्टा र साँझ दुई घण्टा पानी तानेर वितरण भइरहेको उहाँको भनाइ छ । खानेपानी पर्याप्त नहुँदा सरसफाइ गर्न, बस्तुभाउलाई खुवाउन र सागसब्जीखेती गर्न समस्या भएको घर्ती बताउछन ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी सागर अधिकारीले अहिले अस्थायी रूपमा यहाँका स्थानीयलाई पानी खुवाउने व्यवस्था मिलाएको बताए । आगामी वर्ष अर्को ट्याङ्की निर्माण गरेपछि हरेक घरमा पानी पुऱ्याउने उहाँको भनाइ छ । अपर्याप्त बजेटका कारण धेरै योजना सम्पन्न गर्न नसकिएको अधिकारीले सुनाए ।रासस

# दुम्कीवास–दाउन्ने सडक खण्डः ‘अझै केही समय यात्रुले दुःख पाउने अवस्था कायम रहने देखिन्छ’



**नवलपरासी ।**
पूर्व–पश्चिम राजमार्ग अन्तर्गत नवलपरासी(बर्दघाट सुस्तापूर्व)को दुम्कीवास–दाउन्ने सडक खण्डबाट आवतजावत गर्न समस्या भएको छ । वर्षासँगै बढेको विनयी खोलाको बाढी र दाउन्ने क्षेत्रमा सडक हिलाम्मे हुँदा नारायणगढ–बुटवल खण्ड चार दिनदेखि ठप्प छ । यात्रु, सवारी चालक र सर्वसाधारणले अत्यन्त कठिन परिस्थितिको सामना गरिरहेका छन् ।

बिहीबार राति काठमाडौँबाट नेपालगन्ज जाँदै गरेको भे १ ख ४०८५ नम्बरको यात्रुवाहक बस विनयी खोलाको डाइभर्सनमा फसेको थियो । बाढीको भेलले बस बगाउने अवस्था सिर्जना भएपछि २४ जना यात्रुलाई जेसिभीको सहायताले सकुशल उद्धार गरिएको थियो ।

उद्धार गरिएकामध्ये बर्दियाका किरण चौधरीले घटनाको सम्झना गर्दै भनिन, ‘मध्यरातमा खोलाबीचमा अलपत्र पर्दा भगवान् सम्झनु बाहेक केही गर्न सकिँदैनथ्यो ।’

एकतीस वर्षीय शिवनारायण थारु काठमाडौँबाट बर्दिया जाँदै गर्दा डाइभर्सनमा फस्नुभएको थियो । उनि बाढी देखेर आत्तिएर खोलामै हाम फालेर पौडिँदै ज्यान जोगाए । ‘त्यो क्षण म मर्छु जस्तो लागिरहेको थियो, भाग्यले बाँचेछु,’ शिवनारायणले भने ।

सडक अवरुद्ध भएपछि यात्रुले घण्टौँ पैदल यात्रा गर्न थालेका छन् । लामो दूरीका सवारी चालक गाडीमै रात बिताउन बाध्य छन् । जङ्गलबीचमा खाना र पानी नपाउने अवस्था सिर्जना भएको छ । मालवाहक गाडी सडकमा अलपत्र परेका छन् ।

यात्रुहरूको पीडा देखेर विनयी त्रिवेणी गाउँपालिका–१ का स्थानीय युवा, व्यवसायी र सामाजिक सङ्घसंस्थाले शुक्रवार दिनभर निःशुल्क खानाको व्यवस्था गरेका छन् । दुम्कीवासमा स्थानीयले भात, दाल तरकारी र शुद्ध पानी निःशुल्क वितरण गर्दै यात्रुलाई राहत दिइरहेका छन् । शुक्रवार मात्र एक हजार ५०० यात्रुले खाना खाएको समाजसेवी गोमा बस्यालले जानकारी दिए ।

प्रमुख राजमार्गको रूपमा रहेको पूर्व–पश्चिम राजमार्ग क्षेत्र नै अहिले अस्तव्यस्त बन्दा धेरै समस्या सृजना भएका छन् । नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले निर्माणको लागि भत्काइएको सडक वर्षा परेपछि हिलाम्य हुने स्वाभाविक भए पनि ठेकेदारको लापरबाहीले समस्या चर्किएको बताए ।

‘स्थानीय तह, निर्माण कम्पनी र प्रहरी प्रशासनको समन्वयमा वैकल्पिक व्यवस्थाको प्रयास भइरहेको छ’, उनले भने, ‘तर अझै केही समय यात्रुले दुःख पाउने अवस्था कायम रहने देखिन्छ ।’

विसं २०७५ सालदेखि विस्तारको नाममा भत्काइएको नारायणगढ–बुटवल सडक खण्डको दाउन्ने दुम्कीवासमा अहिले धेरै चुनौती बढ्दै गएको छ । विनयी खोलामा अस्थायी डाइभर्सनमार्फत सवारी सञ्चालन हुँदै आएको छ, तर खोलामा बाढी आउँदा बारम्बार डाइभर्सन बग्ने क्रम रोकिएको छैन । जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रहरी उपरीक्षक यादव ढकालका अनुसार हालसम्म आठ पटकसम्म डाइभर्सन बगाइसकेको छ ।

सडक निर्माणको क्रममा भत्काइएको दाउन्ने क्षेत्रको १४ किलोमिटरको बाटो वर्षाको समयमा हिलाम्मे हुँदै कष्टकर बन्दै आएको छ । स्थानीय प्रशासनले सडक सुधारको दबाब दिँदै आए पनि ठेकेदार कम्पनीले गिट्टी–बालुवा हालेर सामान्य मर्मतसमेत नगरेको यात्रुको गुनासो छ ।रासस

# लेकाली च्याउ, टुसा र ढकायो उपभोक्ताको रोजाइमा

**म्याग्दी ।**
लेकाली क्षेत्रमा पाइने निगालोको टुसा, च्याउ र ढकायो सहरी क्षेत्रका उपभोक्ताको रोजाइमा परेको छ ।

बर्खायाममा यहाँका गाउँमा पुग्ने पाहुनालाई टुसा, च्याउ र ढकायोको परिकार चखाउने मात्र होइन गाउँबाट सहर झर्दा लैजाने कोशेली पनि बनेको हो । बर्खा सुरु भएसँगै लेकाली क्षेत्रका बसिन्दा समूह बनाएर च्याउ, टुसा र ढकायो टिप्न जङ्गल जान थालेका छन् ।

अन्नपूर्ण गाउँपालिका–५ पाउद्वारका होटल सञ्चालक हस्तमाया तिलिजा पुनले खोप्रा लेकमा पुगेर तीन बोरा ढकायो टिपेर ल्याउनुभएको छ । ‘होटलमा आउने पाहुनालाई चखाउन, बजारका आफन्तलाई कोशेली पठाउन ढकायोको गुन्द्रुक बनाउने, रातो च्याउ टिप्ने र टुसा भाँच्ने चलन छ,’ उनले भने ‘सहरमा अत्याधिक माग भएकाले जङ्गलमा जुकाको आक्रमण सहेर खेर गइरहेको च्याउ, टुसा र ढकायो विपन्नको लागि आम्दानीको स्रोत पनि बनेको छ ।’

ताजा च्याउ प्रतिकेजी रु एक हजार १०० र ढकायोको गुन्द्रुक प्रतिकेजी रु दुई हजारमा बिक्री हुन्छ । प्रतिमुठा टुसा रु २०० का दरले बिक्री हुन्छ । गुर्जा, कुइने, मङ्गले, घ्यासीखर्क, नारच्याङ, पाउद्वार, दोवा, दाना, मुना, खिवाङ, बगर, मल्कवाङ, खोरीयाको जङ्गलमा रातो च्याउ, टुसा र ढकायो प्रशस्त मात्रामा पाइन्छ ।

टुसा, च्याउ र ढकायोको परिकार सहरबाट आउने पाहुना र आफन्तको पहिलो रोजाइमा पर्ने गरेको खोप्रा–खयर पदमार्गमा पर्ने लरेनीका होटल ब्यवसायी लिल पुनले बताए ।‘लेकाली खाद्य बनस्पती च्याउ, टुसा र ढकायोको माय यति छ की जङ्गलबाट ल्याउना साथ खोसाखोस हुन्छ,” उनले भने ‘जाँगर र अक्कल भएकाले जङ्गली च्याउ, टुसा र ढकायो बेचेर आम्दानी पनि गरेका छन् ।’

रोजगारी, पेशा, व्यवसाय र अध्ययनको शिलशिलामा विश्वका विभिन्न देशमा पुगेका म्याग्देली र म्याग्दी घुम्न आउने स्वदेशी तथा विदेशी पाहुनाले ढकायो कोशेलीको रूपमा लैजाने गरेका छन् । अन्नपूर्ण गाउँपालिका–३ काभ्रेकी सुकमाया बुढाथोकीले बेलायत, हङकङ, जापानलगायत देशका ढकायो पठाउने गरेको बताउनुभयो । विदेशमा म्याग्देलीले सञ्चालन गरेका रेष्टुरेष्टका मेन्युमा ढकायोको गुन्द्रुक परिकारका रूपमा राखिएको छ ।

दुई हजार ५०० देखि तीन हजार ५०० मिटर उचाइको भूगोलमा पाइने ढकायो, च्याउ र टुसा सङ्कलन गर्ने याम असार महिना हो । बजारमा माग बढेपछि टुसा, च्याउ र ढकायो साग आम्दानीको स्रोत बनेको मालिका गाउँपालिका–३ की शान्ति नेपालीले बताउनुभयो । गाउँमा सडक सुविधा भएपछि लेकको ताजा तरकारी सहजै बजारमा पुग्न थालेको उनले बताए ।रासस

# अपाङ्गता भएका बालबालिकाका लागि छुट्टै कक्षा

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाभित्र पाँच वटा विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि छुट्टै कक्षा सञ्चालन गर्न सकिने बताइएको छ ।

महानगरको शिक्षा समितिको बैठकले कामपा सहरी योजना आयोगका सदस्य शैलेन्द्र झाको संयोजकत्वमा अटिजम विद्यालय सञ्चालनसम्बन्धी अध्ययन गर्न गठित समितिले पाँच विद्यालय अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालन गर्न सकिने जनाएको हो । समितिले, वडा नं ६ मा रहेको महेन्द्र बौद्ध माध्यमिक विद्यालय, वडा नम्बर १३ मा रहेको जनप्रभात माध्यमिक विद्यालय, वडा नम्बर १६ मा रहेको नेपाल युवक माध्यमिक विद्यालय, वडा नं २० मा रहेको शान्ति निकुञ्ज माध्यमिक विद्यालय र २५ मा रहेको कन्या मन्दिर माध्यमिक विद्यालयलाई अपाङ्गता भएका बालबालिकाका लागि कक्षा सञ्चालन गर्न सकिने जनाएको कामपा सहरी योजना आयोगका सदस्या शैलेन्द्र झाले जानकारी दिए ।

कामपाभित्रका सामुदायिक विद्यालयमध्ये कुनैमा पनि अटिजम भएका बालबालिकाका लागि विद्यालय नभएकाले, कामपा आफैँले अटिजम विद्यालय सञ्चालन गर्ने विषयमा अध्ययन समिति गठन गरेको हो । यसमा अपाङ्गताका प्रकारअनुसार एकै ठाउँमा वा छुट्टाछुट्टै राखेर ज्ञान तथा सीप प्रदान गर्ने थप अध्ययन आवश्यक रहेको पनि बताईएको छ ।

यस प्रकारका विद्यालय सञ्चालन गर्न साझेदार, सरोकारवाला, अधिकारकर्मी र सङ्घसंस्थाको धारणा बुझ्न थालिएको छलफलमा मिश्रित धारणा प्राप्त भएको बताइएको छ । झाले भने, ‘उक्त विषयमा कसैको धारण कामपा आफैँले यसप्रकारका विद्यालय सञ्चालन गर्नुपर्नेमा छ, कसैले विद्यालय सञ्चालन गरिरहेकालाई सहयोग गर्नुपर्छ भन्नेमा छ । कसैले मिश्रित प्रणालीमा जानुपर्नेमा छ ।’ दोस्रो चरणमा स्पाइनल इन्ज्युरी सङ्घ नेपाल, स्रोत शिक्षक, प्रधानाध्यापकसँग छलफल भएको उनको भनाइ छ ।

तेस्रो चरणमा सबै स्रोत केन्द्रबाट प्रतिनिधित्व हुने गरी संस्थागत विद्यालयका ६० जना प्रधानाध्यापकहरूसँग छलफल भयो । जारी दोस्रो संस्करणको सीप मेलामा चौथो चरणको छलफल भइरहेको छ । विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग नियमित छलफल गर्दै अहिलेसम्म प्राप्त भएका सुझावलाई नीति संवादमार्फत बृहत् र ठोस निष्कर्षका लागि अन्तक्रियात्मक छलफल गर्ने योजनामा कामपा रहेको छ ।

हाल कामपामा बालापीठ आधारभूत विद्यालय, निर्मल बाल विकास विद्यालय, केन्द्रीय बहिरा उच्च माध्यमिक विद्यालय र सुस्त मनःस्थिति पारिवारिक सरसल्लाह तथा स्रोत विद्यालय गरी चार वटा रहेका छन् । रासस

# सुनकोशी नदीको तटीय बासिन्दालाई सतर्कता अपनाउन जिल्ला प्रशासनको आग्रह

**खोटाङ ।**
सुनकोशीमा बाढी आउन सक्ने जोखिमलाई ख्याल गर्दै जिल्ला प्रशासन कार्यालयले नदीका तटीय स्थानीयवासीलाई सतर्कता अपनाउन अनुरोध गरेको छ ।




असार–७ गतेसम्म चीनको तिब्बत क्षेत्रमा अधिक वर्षा हुने र बाढी आउने सम्भावना भएको जनाउँदै उक्त बाढी खोटाङको सुनकोशीसमेतमा आउने भएकाले तटीय स्थानीयवासीलाई सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालयले सार्वजनिक सूचना जारी गरेर अनुरोध गरेको हो ।

सुनकोशीले खोटाङको हलेसी तुवाचुङ नगरपालिका, दिप्रुङ चुइचुम्मा, खोटेहाङ, बराहपोखरी र जन्तेढुङ्गा गाउँपालिकाका भूभाग छोएर बगेको छ । चीनको प्रहरी कार्यालयबाट प्राप्त सूचनाअनुसार जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले सतर्कताको सूचना जारी गरेपछि खोटाङले पनि असार–६ गते सार्वजनिक सूचना जारी गरेको हो । जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी सागर साहले जारी गरेको सूचनाका बारेमा सम्बन्धित स्थानीय तहसमेतलाई जानकारी गराइएको प्रशासनले जनाएको छ । गत वर्षको असाज–१२ गते सुनकोशीमा आएको बाढीले दिक्तेल–गाईघाट सडकखण्डको फोक्सिङ्टारमा सञ्चालित मोटरेबल पक्की पुल बगाएको थियो भने, दर्जनौँ स्थानीयवासी विस्थापित भएका थिए ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# कलैया अस्पतालमा लेखापालको कमिसन अडानले ठेकेदार हैरान, भुक्तानी प्रक्रिया महिनौँदेखि ठप्प

**मधेशदृष्टि**
**बारा ।**
कलैया अस्पताल तथा स्वास्थ्य कार्यालयमा कार्यरत लेखापाल रामबालक यादवमाथि कमिसन नपाएसम्म भुक्तानीको फाइल अघि नबढाउने आरोप लागेको छ ।




कानुनी प्रक्रिया पुरा गरेर सेवा वा आपूर्ति दिइसकेका दर्जनौँ ठेकेदार र सप्लायरहरू महिनौँदेखि भुक्तानी नपाएर आर्थिक समस्यामा परिरहेका छन् । एक ठेकेदारका अनुसार लेखापाल यादव कम्तिमा १० प्रतिशत कमिसन माग्ने अडानमा छन् । उनले भने, 'सबै प्रक्रिया पूरा गरेर गएका थियौँ, तर यादवले '१० प्रतिशत कमिसन नदिए फाइल अगाडि बढ्दैन' भनेर खुलेआम अडान लिएका छन् ।
हामी २–३ प्रतिशतसम्म सहमत थियौँ । तर, उनले नमानेपछि महिनौँदेखि फाइल रोकिएको छ ।' यस्तै, अस्पतालमा सप्लाय गर्ने एक व्यवसायीले लेखापाल यादवकै कारण आफूजस्ता साना व्यवसायीहरू बाँच्नै कठिन भएको गुनासो गरे । उनले भने, 'उहाँ प्रदेश मन्त्रालयमा पनि पैसा पठाउनुपर्छ, मलाई पनि टेन्सन हुन्छ' भन्दै अवैध कमिसनलाई वैधता दिन खोज्छन् ।'
असार मसान्त नजिकिँदै गर्दा सप्लायरहरू बैंकको कर्जा तिर्न, मजदुरको तलब दिन र चेक बाउन्स नहुने उपाय खोज्नमै हैरान छन् । कलैयाका चिया पसलदेखि सरकारी कार्यालयसम्म लेखापाल यादवकै चर्चाले बजार तातिरहेको छ । एक व्यवसायी भन्छन्, 'यस्ता संरचना भत्काउन अब मुख्यमन्त्रीकै ध्यानाकर्षण गराउनु पर्ने अवस्था आएको छ । प्रशासन चुप लागेर बस्दा भुक्तानीका नाममा अत्याचार भइरहन्छ ।' कलैयाको मात्र नभइ पछिल्लो महिनामा मधेश प्रदेशका विभिन्न अस्पतालमा स्वास्थ्य सामग्री खरिददेखि सेवाको स्तरसम्म प्रश्न उठेका छन् ।
निजी अस्पतालहरूको अनियमित सञ्चालन, औषधिको अभाव र सेवामा देखिएको चरम लापरबाहीपछि लेखापाल यादवको रवैया झनै चिन्ताजनक बनेको हो । स्थानीय भन्छन्, 'यसरी खुलेआम कमिसन मागिनु मधेश प्रदेशकै प्रशासनिक चरित्रमाथि प्रश्न हो । सानो ठेक्काबाट करोडौँको बजेट भएका योजनामा कस्तो अवस्था होला, सोच्नै गाह्रो छ ।'
स्थानीय प्रशासन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यादवविरुद्ध उजुरी पुगेको स्रोतको दाबी छ । पीडितहरू अस्पताल तथा स्वास्थ्य कार्यालयमा स्वतन्त्र छानबिन समिति गठन गरी लेखापालको भूमिका अनुसन्धान गर्न माग गर्दै आन्दोलनको चेतावनी दिएका छन् ।

# धनुषामा सार्वजनिक वृक्ष कटानविरुद्ध अनसन





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको नगराईन नगरपालिका–२ मा कार्यवाहक वडाध्यक्ष रामपरी देवी मण्डलद्वारा सार्वजनिक रुखहरू कटान गरिएको विरोधमा स्थानीयवासी आन्दोलित भएका छन् । रुख संरक्षणको माग गर्दै स्थानीय रोहित चौधरी शनिबारदेखि अनिश्चितकालीन अनसनमा बसेका छन् ।
नगरपालिकाको जटहीस्थित सार्वजनिक स्थलमा रहेको दर्जनभन्दा बढी आँप, लिची र धातृ प्रजातिका बोटबिरुवाहरू काटिएको भन्दै चौधरीले वडाध्यक्षको कार्यशैलीविरुद्ध आवाज उठाएका हुन् । अनसनकारी चौधरीका अनुसार वडाध्यक्ष मण्डलको निर्देशनमा स्थानीय जैविक सम्पदा दोहन गरिएको छ । उनले भने, 'फलफूलसहितका वातावरणमैत्री रुखहरू बिनाकारण काटिए । विरोध गर्दा उल्टै ममाथि दुर्व्यवहार र धम्की आयो ।' रुख कटानको विरोध गर्ने क्रममा स्थानीय सत्यम् चौधरीमाथि वडाध्यक्ष मण्डलका समर्थकहरूले हातपातसमेत गरेको चौधरीले बताए ।
अनसनकारी चौधरीले आरोप लगाउँदै भने, 'मैले रुख कटानीको विरोध गरेपछि कार्यवाहक वडाध्यक्षले आफ्ना समर्थकमार्फत मलाई कुटपिट गराइन् । यो निर्वाचित जनप्रतिनिधिको चरम दमनकारी रूप हो ।' वातावरणीय सरोकार राख्ने स्थानीयहरूका अनुसार वडाध्यक्ष मण्डलको कार्यशैली सार्वजनिक सम्पत्ति संरक्षणको मूल मर्मविपरीत रहेको छ ।
उनीहरूले सार्वजनिक वृक्ष कटानीको उद्देश्य र प्रक्रिया खुलाउन माग गर्दै दोषीमाथि कारबाहीको माग गरेका छन् । रुख कटान र विरोध गर्नेहरूलाई कुटपिटजस्ता घटनालाई लिएर प्रशासनले अहिलेसम्म कुनै प्रतिक्रिया नजनाएपछि स्थानीयको आक्रोश चुलिएको छ । अनसनस्थलमा चौधरीलाई समर्थन जनाउँदै सर्वसाधारणको उपस्थिति बढ्दै गएको छ । स्थानीयबासीले सार्वजनिक सम्पत्तिको रक्षा र निर्वाचित जनप्रतिनिधिको जवाफदेही कार्यशैलीको माग गर्दै आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन् ।

# वीरगंज नाकाः ११ महिनामा दुई हजार ३८५ विद्युतीय सवारीसाधन आयात

**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको ११ महिनामा एक अर्ब ८४ करोड २३ लाख मूल्य पर्ने साना–ठूला दुई हजार ३८५ विद्युतीय सवारीसाधन आयात भएका छन् ।
वीरगंज भन्सार कार्यालयले चालु आवमा विद्युतीय सवारीसाधनको आयातबाट एक अर्ब ८४ करोड २७ लाख राजस्व सङ्कलन गरेको जनाएको छ ।
वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा विद्युतीय सवारीसाधनको आयात बढेको बताए ।
'यो नाका हुँदै विद्युतीयभन्दा पनि इन्धनबाट चल्ने धेरै सवारीसाधन आयात हुने गर्छ,' उनले भने, 'विद्युतीय सवारीसाधनको आयात पनि औषतमा सन्तोषजनक नै छ ।'
चालु आवको ११ महिनामा ५० किलोवाट क्षमताका २७ करोड ११ लाख मूल्यका १९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । त्यस्तै गरी सोही अवधिमा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका १३ करोड ४२ लाख मूल्य पर्ने ५० वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ । त्यस्तै १०० एक किलोवाटदेखि २०० किलोवाट क्षमताका २४ करोड ७५ लाख मूल्यका ३६ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । यो नाका हुँदै ४० करोड ७८ लाख मूल्य पर्ने एक हजार ७०० एक वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । रासस

# डावरटोल खानेपानी आयोजना निर्धारित समय अगावै सम्पन्न



**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिका–१३ स्थित डावरटोलमा निर्माणाधीन दश करोडभन्दा बढी लागतको खानेपानी आयोजना निर्धारित समयभन्दा अगावै सम्पन्न भएको छ । विसं २०८० असार २५ गते दुई वर्षभित्र सम्पन्न गर्ने लक्षसहित सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरसँग आयोजना सम्झौता भएको थियो । उक्त निर्धारित समय सकिनु २० दिन अगावै निर्माण सम्पन्न भएको हो ।
निर्धारित समयसीमा अगाडीनै काम सम्पन्न भएर उदाहरणीय आयोजना बनेको धनगढीमाई नगरप्रमुख शिव शंकर महतो◌ले बताए । नगरभित्रका अन्य खानेपानीको आयोजनाहरु लामो समय व्यतित हुँदा निर्माणाधिन अवस्थामै जीर्ण हुँने गरेको जनाउँदै उनले भने, 'मलाई त आश्चर्य लागेको छ । समयसीमा अगावै काम सम्पन्न हुनु गौरवको विषय हो । अन्य निर्माणाधिन आयोजना पनि समयमै सम्पन्न गर्न यसले सकरात्मकसन्देशदिएकोछ ।' खानेपानी आयोजनालाई राजनीतिकरण गरिने र प्रतिष्ठासँग जोड्ने प्रवित्तिले आम जनता वाक्क भएको अनुभूति आफूले गरेको उनको भनाइ थियो । यस खानेपानी आयोजना निर्धारित समयमा सम्पन्न गर्नका लागि 'डावरटोल नैनपुर टोल खानेपानी तथा सरसफाई उपभोक्ता समिति'ले काम गरेको थियो । समितिका अध्यक्ष श्रवण ठकुरी भने, 'हामीले गत जेठमै काम सम्पन्न गरिसकेका थियौँ । जेठबाटै परीक्षणका रुपमा पानी उपभोक्तालाई वितरण गरिसकेका थियौँ । निरन्तरको सक्रियता, लगनशीलता र मिहिनेतले यो सम्भव भएको हो ।' कूल १० करोड ६ लाख ५८ हजार लागत रहेको यस आयोजनाबाट वडा नं १३, १२ र ११ का एक हजार चार सय ४७ घरधुरीका आठ हजार ६ सय ४२ भन्दाबढी जनसंख्या लाभान्वित भएका जनाइएको छ । स्थानीयले खोला, कुवा र पोखरीको दूषित पानी खानुपर्ने दिनहरु अब सदाका लागि अन्त्य भएको छ । रासस

# हंसपुर नगर प्रमुखविरुद्ध विद्रोहः 'नगर सरकारलाई निजी कम्पनीजस्तो नचलाउनू'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको हंसपुर नगरपालिकामा कार्यपालिका सदस्यहरूले नगर प्रमुख प्रदीप यादवविरुद्ध विद्रोहको घोषणा गरेका छन् । उपप्रमुख दुर्गी देवी मण्डलको अध्यक्षतामा बसेको कार्यपालिका बैठकले प्रमुख यादवको एकल निर्णयशैली, कानुनी प्रक्रियाको अवहेलना र योजनागत भ्रष्टाचारप्रति आपत्ति जनाउँदै तत्काल नगरसभा संविधान र कानुनअनुसार सञ्चालन गर्न चेतावनी दिएको छ । बैठकमा सहभागी १२ जना सदस्यहरूले नगर प्रमुखमाथि स्रोत अनुमान, योजना संकलन, प्राथमिकता निर्धारण र कार्यपालिका बैठकबिनै नगरसभा सञ्चालन गर्न खोजेको आरोप लगाउँदै उनको कदमलाई 'अधिनायकवादी प्रवृत्ति' को संज्ञा दिएका छन् । कार्यपालिका सदस्य राजेश सक्सेनाले भने, 'हामी संविधान र कानुनअनुसार सञ्चालन हुने स्थानीय सरकार चाहन्छौं, नगर प्रमुखको निजी कम्पनीजस्तो सञ्चालन स्वीकार्य छैन ।' सदस्यहरूका अनुसार प्रमुख यादवले वडास्तरका योजना र सुझावलाई उपेक्षा गर्दै चुनिएका ठेकेदारहरूमार्फत बजेट केन्द्रित गरिरहेका छन् । सार्वजनिक सुनुवाइ र योजनाको प्रतिवेदन प्रक्रिया निष्क्रिय पारिएको भन्दै उनीहरूले नगर सरकारलाई केवल सीमित घेरामै सीमित पारिएको आरोप लगाएका छन् । प्रमुख यादवको निरन्तर मनोमानीविरुद्ध आक्रोशित कार्यपालिका सदस्यहरूले सरकारी सवारी साधनको हावासम्म निकालेका थिए । उनीहरूको भनाइमा प्रमुख यादवको शैली 'म बोल्छु, सबैले सुन' जस्तो रहेको छ । यसले सहभागीता र पारदर्शिता माथि प्रश्न उठाएको छ । संविधानको धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ५३ अनुसार बजेट निर्माण, योजना तर्जुमा र नगरसभा प्रक्रिया बहस, समन्वय र स्वीकृति मार्फत अघि बढ्नुपर्ने कानुनी व्यवस्था छ । तर, ती सबै अवलम्बन नगरी नगर प्रमुखले 'एकल सत्ता'को अभ्यास गर्न खोजेको कार्यपालिका सदस्यहरूको आरोप छ । नगर प्रमुखको एकल निर्णयशैलीप्रति स्थानीय बासिन्दाहरू समेत असन्तुष्ट देखिएका छन् । एक स्थानीय नागरिकले भने, 'हामीले विश्वास गरेर मतदान गर्यौं । तर, अहिले कुनै योजनामा हाम्रो सहभागिता छैन । बजेट कहाँ खर्च भयो भन्नेसम्म थाहा छैन ।' प्रमुख यादवका कारण हंसपुर नगरपालिकाको आगामी नीति, कार्यक्रम र बजेटको प्रक्रिया अन्योलमा परेको बताइएको छ । कार्यपालिका सदस्यहरूले नगरसभा सञ्चालनको प्रक्रिया कानुनअनुसार नगरे प्रतिकारको चेतावनीसमेत दिएका छन् ।

# जनकपुरधाममा ११औं अन्तर्राष्ट्रिय योग दिवस भव्यतापूर्वक मनाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
११औं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा जनकपुरधामको तिरहुतिया गाछीमा आयोजित नगरस्तरीय योग शिविर उत्साहजनक सहभागितासहित सम्पन्न भएको छ । जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा सम्पन्न सो शिविरमा नगर प्रमुख, जनप्रतिनिधि, विद्यालयका विद्यार्थीहरू र स्थानिय नागरिकहरूको उल्लेखनीय उपस्थिति देखिएको थियो । योग शिविरमा स्वास्थ्य शाखा र आयुर्वेद शाखाका प्रमुख तथा योग गुरु मनोहर साहले विभिन्न योग आसन, प्राणायाम र ध्यान अभ्यास गराउँदै योगको स्वास्थ्य लाभबारे जानकारी गराएका थिए । कार्यक्रममा नगर प्रमुख मनोज कुमार साहले योगाभ्यासले शारीरिक मात्र नभई मानसिक सन्तुलन कायम गर्न सहयोग पुर्याउने बताउँदै योगलाई जनस्तरसम्म पु¥याउन सबै क्षेत्रको सहभागिता आवश्यक रहेको उल्लेख गरे । 'योगले अनुशासन, आत्मबल र सकारात्मक सोच विकास गर्छ । यसलाई दैनिक जीवनशैलीमा समावेश गर्न सके ठूलो परिवर्तन सम्भव हुन्छ,' उनले भने । कार्यक्रममा वक्ताहरूले योगलाई केवल दिवसमा सीमित नराखी समाजको हरेक तहमा यसको निरन्तर अभ्यास आवश्यक रहेकोमा जोड दिएका थिए । आयोजकका अनुसार यस्तो कार्यक्रमले योगप्रति जनचेतना बढाउनुका साथै स्वस्थ, अनुशासित र सकारात्मक समाज निर्माणमा टेवा पुग्ने विश्वास लिइएको छ । जनकपुरधाम उपमहानगरपालिकाले आगामी दिनमा पनि योग सम्बन्धी अभियानलाई विद्यालय, वडास्तर र सामुदायिक तहसम्म विस्तार गर्ने तयारी गरिरहेको जनाएको छ । अन्तर्राष्ट्रिय योग दिवसकै अवसरमा नगर महिला पतञ्जलि योग साधना केन्द्र जनकपुरधामले पनि विशेष योग सत्रको आयोजना गरेको थियो ।
स्वास्थ्य, आत्मबल र सजगताको सन्देश फैलाउने उद्देश्यसहित आयोजित कार्यक्रममा महिलाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । योग गुरु मनोहर साहको मार्गदर्शनमा प्राणायाम, ध्यान र विभिन्न योग आसन अभ्यास गराइएको उक्त कार्यक्रममा सहभागीहरूले योगको सांस्कृतिक, ऐतिहासिक र व्यवहारिक महत्त्वबारे धारणा व्यक्त गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन